Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख

ABHILEKHA



राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख विश्वसम्पदा हो
यसको जगेर्ना गर्नु हाम्रो कर्तब्य हो
अभिलेखको सुरक्षा गरौं
संस्कृतिको रक्षा गरौं ।

- राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख

ABHILEKHA

वर्ष १८ ❀ २०५७ ❀ पूर्णाङ्क १८

सम्पादक मण्डल

प्रधान सम्पादक
सुश्री सानुनानी कंसाकार

सम्पादक
विष्णु कान्त शर्मा
जगन्नाथ उपाध्याय

प्रकाशक

श्री ५ को सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रकाशन मितिः- २०५७ साल आश्विन १७ गते

प्रकाशित प्रतिः- ५००

मूल्य रू.:- ५०/-

मुद्रकः- एम.एस. अफसेट प्रेस
दुगंवहिल, न्यूरोड, काठमाडौं
फोन: २२३३५९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दुई शब्द

"अभिलेख"को यस अंकमा पनि विद्वजनहरूको विविध खोजपूर्ण रचनाहरू समावेश भएका छन् । हाम्रो मुलुक यस्ता खोजपूर्ण सम्पदाहरूमा अत्यन्त धनी छन् । खोज, अध्ययन र अनुसन्धानबाटै नयाँ तथ्य थाहा पाइने हुँदा यो प्रक्रिया निरन्तर चलिरहनु आवश्यक भए जस्तै मुलुकमा रहेका यस्ता सम्पदाहरूको विनाश हुन नदिई यसको सम्बर्द्धन र संरक्षणतर्फ जागरूक हुनु पनि त्यत्तिकै आवश्यक छ भन्ने कुरामा दुई मत नहोला । यो जागरूकताको बोध सबै तहबाट भई मुलुकको संस्कृतिको अवश्य जगेर्ना हुने विश्वास राष्ट्रिय अभिलेखालयले लिएको छ ।

यस अंकको लागि रचना दिनु हुने सबै विद्वजनहरूमा धन्यवाद ज्ञापन गर्दै "अभिलेख"लाई अझ परिमार्जित बनाउन गहकिलो सुझावको चाहना राख्दछु । धन्यवाद ।

मितिः २०५७/६/१७

सुश्री सानुनानी कंसाकार
प्रमुख
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषय-सूची

विषय	लेखक	पृष्ठ संख्या
१) ध्वजनरसिंह राणा : संक्षिप्त टिप्पणी	- जगदीशचन्द्र रेग्मी	१
२) राष्ट्रिय अभिलेखालयका पञ्चाङ्गहरूको समीक्षात्मक विवरण	- जगन्नाथ उपाध्याय	४
३) विषय-सूची (अभिलेख अंक ११-१५)		११
४) राष्ट्रिय अभिलेखालयका अभिलेख ग्रन्थहरूमा छरिएका घटनावली - टिप्पणी अभिलेखांशहरू	- डा. जनकलाल वैद्य	१५
५) पनौती इन्द्रेश्वर मन्दिरस्थानको ने.सं. ७५९ को नरेश मल्लको पालाको स्वर्णपत्र	- डा. पुरूषोत्तमलोचन श्रेष्ठ	२८
६) चण्डेश्वरी देवी : एक अध्ययन	- विष्णुकान्त शर्मा	३३
७) तीनतहयुक्त शिवलिङ्ग	- हरिराम जोशी	४४
८) सौश्रुत-निघण्टु : एक परिचय	- डा. काशीराज शर्मा (सुवेदी)	४६
९) "SELECTION OF CHEMICAL IN ARCHIVAL CONSERVATION"	- Griha Man Singh	४९
१०) भूमि सम्बन्धी तमसूक ताडपत्र	- सिद्धिरत्न शाक्यभिक्षु	५६
११) कौसी तोषाखानाबाट प्राप्त लालमोहर		७७
१२) आर्थिक वर्ष २०५६/०५७ को वार्षिक गतिविधि		१०२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लेखक-परिचय

नाम	ठेगाना
१) जगदीशचन्द्र रेग्मी	सह-प्राध्यापक, त्रि.वि.वि.
२) जगन्नाथ उपाध्याय	अनुसन्धान अधिकृत, राष्ट्रिय अभिलेखालय
३) डा. जनकलाल वैद्य	अनुसन्धानकर्ता, चाकुपाट, ललितपुर
४) डा. पुरूषोत्तमलोचन श्रेष्ठ	उप-प्राध्यापक, भक्तपुर क्याम्पस
५) विष्णुकान्त शर्मा	अभिलेख अधिकृत, राष्ट्रिय अभिलेखालय
६) हरिराम जोशी	अनुसन्धानकर्ता, ललितपुर
७) डा. काशीराज शर्मा (सुवेदी)	आयुर्वेद क्याम्पस, नरदेवी
८) Griha Man Singh	Chemist, National Archives
९) सिद्धिरत्न शाक्यभिक्षु	लिपि सहायक, राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ध्वजनरसिंह राणा : संक्षिप्त टिप्पणी

✍ जगदीशचन्द्र रेग्मी

वि.सं. १८२४ मा पण्डित नन्दराम मिश्रले 'केरलीयप्रश्नरत्नम्' नामको एक प्रकारको ज्यौतिषविद्याको ग्रन्थ तयार पारेका रहेछन् जुनमा जम्मा २४० श्लोक छन्। त्यही ग्रन्थको हिन्दी भाषामा अनुवाद गरी सुन्दरलाल शर्माले वि.सं. १९८० मा लक्ष्मीवेङ्कटेश्वर प्रेस कल्याण बम्बईबाट छपाएका थिए। त्यस ग्रन्थमा जम्मा ११७ पृष्ठ छन्। उक्त ग्रन्थको अवलोकनबाट सुन्दरलाल शर्मा जयपुरका बासिन्दा देखिन्छन्। सो ग्रन्थमा लेखिएको निम्न वचनबाट ती ज्योतिषी ध्वजनरसिंह राणा आश्रित रहेछन् भन्ने बुझिन्छः-

श्रीमद्राजकुमारजनरलराणा श्रीश्री १०८ श्री ध्वजनृसिंहजी बहादुराश्रित जयपुरनिवासिना ज्योतिर्विदा श्री सुन्दरलालशर्मणा रचितया सुन्दरी समाख्यया भाषाव्याख्यया संभूषितम् ॥

उक्त ग्रन्थमा सुन्दरलाल शर्माले आफ्ना आश्रयदाताको वंशको स्तुति पनि संस्कृत पद्यमा गरेका छन् र त्यसमा पनि उनीले ध्वजनरसिंह राणालाई 'याचककल्पवृक्ष' भनेर तारिफ गरेको हुनाले उपरोक्त राणा व्यक्तिले ज्योतिषी पण्डितलाई दान प्रदानद्वारा निकै प्रसन्न पारेको बुझिन्छ।

ध्वजनरसिंह राणाको वंशका स्तुतिकार पण्डितले आफ्नो स्तुतिमा भाग्यशाली राणा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कुलको वर्णन गरेपछि रामसिंह (कृष्ण) देखि वंशावली लेख्दै रणोद्दीपसम्मको वर्णन गरिएको छ। सुन्दरलालले लेखिदिएको यो वंशावली यस लेखमा परिशिष्टमा प्रस्तुत गरिएको छ।

ध्वजनरसिंहको वंशावलीमा रणोद्दीपसिंहको नाम यस कारणले राखिएको हो कि उनी ध्वजनरसिंहका धर्मपिता थिए। आफू निःसन्तान भएकाले रणोद्दीपले आफ्ना भाइ बद्रीनरसिंहका माहिला छोरा ध्वजनरसिंहलाई धर्मपुत्र पालेको ज्ञात हुन्छ।

यी ध्वजनरसिंह जंगबहादुरले तयार पारेको वि.सं. १९२४ को राणा रोलक्रममा 'श्री लेफटेन्ट कर्नेल' को रूपमा र अठारौं स्थान पाएको देखिन्छ।✿ पछि वि.सं. १९३८ को पर्वपछि तयार पारिएको रोलक्रममा यी ध्वजनरसिंहको स्थान नवौंमा रहन गएको पाइन्छ। तर वि.सं. १९४२ सालको पर्वमा श्री ३ रणोद्दीपको निर्मम हत्या भएपछि ब्रिटिश दूतावासभित्र शरण लिई 'अंग्रेजबाट बन्दोवस्त गराएर' तथा आफ्नो केही दौलत पनि लिएर भारततर्फ लाग्नेहरूमा 'जनरल' ध्वजनरसिंह राणा पनि थिए।* भारतमा शरणार्थी भएर बस्ने धेरै पीडित राणाहरू मध्ये पद्मजंग पनि थिए जसले जंगबहादुरको जीवनीको प्रकाशन गराएका थिए।

भारतमा शरणार्थी भएर बस्ने राणाहरू जंगबहादुरका अनुयायी र सन्तान नै थिए र उनीहरूले भारत पुगेपछि जंगबहादुरले गरेको अंग्रेज सेवाको स्मरण गराउँदै वीर शम्शेरमाथि हस्तक्षेप गर्न पनि ठूलै चाल चल्न थालेको पाइन्छ र त्यस काममा केही अंग्रेज व्यक्तिहरूलाई पनि समातेको पाइन्छ। यस्तै एक जना अंग्रेज William Digly थिए जसले यस सम्बन्धी एउटा किताब अंग्रेजीमा छपाएका थिए A friend in need: Friendship forgotten. यही किताबमा ध्वजनरसिंहको फोटो छापिएको छ त्यसलाई यहाँ उद्धृ गरिएको छ।

भारतमा शरणार्थीको रूपमा रहँदा ध्वजनरसिंहले सुन्दरलाल शर्माको ज्योतिषको किताबको प्रकाशन गर्न आर्थिक सहयोग गरेको देखिन्छ।

राणा कालको इतिहास, राणाहरूको आपसी काटमारका घटना र त्यसका प्रभाव आदि विषयमा इतिहासकारहरूले चर्चा गरेकै छन्। यहाँ भारतमा शरणार्थीका रूपमा रहँदा पनि ध्वजनरसिंहले एक ज्योतिषीलाई गरेको आर्थिक सहायताले स्वयं उनकै नाम र वंशलाई ठूलो सन्मान प्राप्त भएको देखिएको विषयलाई औंल्याउन मात्र खोजिएको हो।

+++++

✿ पूर्णिमा, पूर्णांक ८७, पृ. ११, * "नेपाल देशको इतिहास", **प्राचीन नेपाल**, संख्या २७, पृ. २८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

परिशिष्ट

ज्योतिषी पण्डित सुन्दरलालले बनाएको ध्वजनरसिंह राणाको वंशावलिः-

श्री शोभि शोभितयशोगुणगौरवाढ्य्
माढ्यं करिष्णुगुणसञ्चयतो धरित्रीम् ।
तेजोऽमितं परिदधत्क्षपितारिपक्षं
राणाकुलं विजयते भुवि भूरिभाग्यम् ॥१॥
श्रेणीसौख्यकरो हरोऽतिविपदां रामः प्रजानां पुनः
सिंहः साहसशौर्यवीर्यनिभयैनृणां नराधीश्वरः ।
दानी मानयिता विशालमतिमान् ख्यातस्ततोऽभूत्सुधीः
स्वीयां रामनृसिंह इत्यभिधया वंशावलीमुन्नयन् ॥२॥
तत्सूनुराजिजेताकाजीश्रीरामकृष्णाहः ।
शक्तिधरः खलु मूर्त्तो जातोऽरीणां विजेता यः ॥३॥
तस्याभवत् क्षत्रियवीरवर्यः सर्द्दारराणारणजीतसिंहः ।
ले भेऽतिहर्षं जनता यतः कौ पुरन्दरेणेव सुरेशलोकः ॥४॥
सुतस्तदीयो महनीयमूर्त्तिः पूर्त्तिप्रदः स्वाश्रितमानसानाम् ।
बभूव राजीवविशालनेत्रः काजीवरो बालनृसिंहवर्मा ॥५॥
अष्टावभूवन् किल तस्य पुत्रा गोत्रा धुरं वोढुमतीवचित्राः ।
सृष्टा विधात्रा जगतामवित्रा गजा इवैते ककुभामरित्राः ॥६॥
श्रीमान्प्रचण्डभुजदण्ड विखण्डितारि
खण्डः प्रकाण्डरणचण्डतरासिदण्डः ।
नेपालभूमिपरिमण्डनचण्डवीर्य
आखण्डलेन सदृशोऽभवदेषु षष्ठः ॥७॥
विपक्षभूपालविखण्डनेन लब्धप्रतिष्ठो भुवि विद्वरिष्ठः ।
वसुष्विवासीत्प्रतिभाविशिष्टो देवव्रतो यो नृपनीतिनिष्ठः ॥८॥
कोङ्लिङ्पिम्मा कोकाङ्वाङ्स्याङ् ।
चीनविभुर्यमदिक्षदुपाध्याङ् ।
कम्पौ (म्या) डर इन्चीफ़्पदैर्युक्
योऽभूत् प्राइमिनिष्टरपदभुक् ॥९॥
के-सी-एस-आइ-संज्ञं विरचितकुनयध्वान्तविध्वंसमेनं
साम्राज्ञी षड्गुणज्ञं परिचितविनयं भारतस्य व्यधत्त ॥
ख्यातो भूमण्डलेऽस्मिन् निजकृतविभवैः श्रीमहाराजमान्यो
नेपालेशान आसीद्वनपतिमहिमश्रिरिणोद्दीपसिंहः ॥१०॥
गुणैरनूनः पितुरस्य पुत्रः श्रीमन्महाराजकुमारजनरल् ।
अस्ति ध्वजादिर्नरसिंहदेव बहादुरो याचककल्पवृक्षः ॥११॥
तत्साहाय्यामवाप्यपण्डितवरः श्री शैवनारायणि -
र्लाटोपाधियुतः शिवार्चनपरो ज्योतिर्विदामग्रणीः ।
श्रीमत्सुन्दरलाल एतमकरोद् भाषानुवादं मुदे
लोकानामखिलेश्वरश्च भगवांस्तुष्टिं प्रयायादतः ॥१२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राष्ट्रिय अभिलेखालयका पञ्चाङ्गहरूको समीक्षात्मक विवरण

✍ *जगन्नाथ उपाध्याय*

ज्योतिषशास्त्र अति महत्त्वपूर्ण वेदाङ्गहरू मध्येको एक हो । वैदिक कालमा ज्योतिष विषयको मुख्य उपयोग वैदिक यज्ञको काल गणनाका लागि गरिन्थ्यो । वेदको मुख्य प्रतिपाद्य विषय यज्ञ सम्पादन गर्नका लागि समयको गणना तिथि, ऋतु, वर्ष, प्रात सायं, समय, दिन रात एवं विभिन्न नक्षत्रका स्थितिको निकै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नक्षत्रका आधारमा समयको गणना ज्योतिषशास्त्रबाट नै गरिने भएकाले यसलाई गणितशास्त्र पनि भनिन्छ । यसरी नक्षत्र आदिका आधारमा समयको गणना गरिने गणित ज्योतिषलाई आधार मानेर नै ज्योतिष शास्त्रलाई वेदाङ्गका रूपमा स्वीकारिएको हो । यस शास्त्रको सम्बन्ध विशेष गरी ऋग्वेद र यजुर्वेदसंग मानिन्छ । यस विषयको प्राचीन ग्रन्थ 'वेदाङ्ग ज्योतिष' हो भने यसै ग्रन्थका आधारमा 'सूर्य सिद्धान्त' जस्ता ज्योतिष विषयका उत्कृष्ठ ग्रन्थहरू लेखिएका हुन् ।

पञ्चाङ्ग ज्योतिष विषयको प्रमुख अङ्ग हो । ज्योतिषशास्त्र अनुसार प्रत्येक दिनमा पर्ने तिथि, वार, नक्षत्र, योग तथा करण यी पाँच अङ्ग भएको पुस्तिकालाई पञ्चाङ्ग भनिन्छ । यसमा वर्ष भरिका गते, वार, तिथि, योग, करण आदि लेखिएको हुन्छ । यिनै तिथि, नक्षत्र, योग, करण आदिका आधारमा विवाह, व्रतबन्ध, यज्ञ आदि शुभ कार्य गर्ने समयको निर्क्योल र हाम्रा सांस्कृतिक, धार्मिक र राष्ट्रिय पर्वहरूको उल्लेख पनि गरिएको हुन्छ ।

नेपाली समाज प्राचीन कालदेखि नै आर्य धर्मावलम्बी ऋषि मुनिहरूको निर्देशन वमोजिम आ-आफ्ना शुभ कार्यमा संलग्न भएको देखिन्छ । यसका लागि पञ्चाङ्ग निकै व्यवहारोपयोगी हुँदै आएको अनुभव हुन्छ । त्यसैले नेपाली समाजमा प्रकाशन युगको थालनी हुनुभन्दा पहिलेदेखि नै यस क्षेत्रमा संलग्न विद्वानहरूले हस्तलिखित रूपमा पञ्चाङ्गहरू निर्माण गरेको पाइन्छ । सर्वप्रथम नेपालमा पञ्चाङ्ग लेख्न थालिएको निश्चित मिति निर्क्योल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गर्न अनुसन्धानको अझ गहिराईमा डुबुल्की मार्नुपर्ने हुन्छ तापनि राष्ट्रिय अभिलेखालयको संकलनमा रहेका पञ्चाङ्गहरू मध्ये हालसम्मको सवैभन्दा प्राचीन चाहिं विक्रम सम्वत् १८१२ को हस्तलिखित पञ्चाङ्ग देखिन्छ। यो काठमाडौं निवासी गोविन्दप्रसाद घिमिरेको निजी संकलनबाट राष्ट्रिय अभिलेखालयको माइक्रोफिल्म शाखाको सक्रियतामा मिति ६/३/१९७९ मा छविचित्र गरिएको देखिन्छ। पत्र संख्या १३ रहेको यो पञ्चाङ्गको आकार २३.७x१२.४ रहेको छ भने छविचित्र रिल नं. E ७८३/७ रहेको छ। देवनागरी लिपिमा नेपाली कागजमा लेखिएको यो पञ्चाङ्ग बैशाख वदीमा मात्र प्रारम्भ भएको र बीच बीचमा पानीले भिजेर बिग्रिएकोले अपूर्ण देखिन्छ।

राष्ट्रिय अभिलेखालयको संकलनमा रहेका पञ्चाङ्गहरू मध्ये हस्तलिखितमा विक्रम संवत् १९०० पूर्वका, १९०१ देखि पहिलो मुद्रित पञ्चाङ्ग विक्रम संवत् १९४१ सम्मका र १९४१ देखि हालसम्मका पञ्चाङ्गहरूको समीक्षात्मक विवरणलाई निम्न चरणमा विभाजन गरी प्रस्तुत गरिएको छः-

१. विक्रम सम्वत् १८१२ देखि १९०० सम्मका

२. विक्रम सम्वत् १९०१ देखि १९४० सम्मका

३. विक्रम सम्वत् १९४१ देखि हालसम्मका

१. विक्रम सम्वत् १८१२ देखि १९०० सम्मकाः

यस अवधिका जम्मा ५१ थान पञ्चाङ्गहरूको विवरण निम्न अनुसार रहेको छ -

तालिका नं. १

क्र.सं.	विक्रम संवत्	लिपि	पूर्ण/अपूर्ण	रिल नं.	मूल प्रतिको स्रोत
१.	१८१२	दे.अ.	अपूर्ण	E ७८३/७	गोविन्दप्रसाद घिमिरे, काठमाडौं
२.	१८१४	दे.अ.	अपूर्ण	-	राष्ट्रिय अभिलेखालय
३.	१८२०	ने.अ.	१ पत्र पूर्ण	E २८२४/११	चक्रराज तिमिला, भक्तपुर
४.	१८२३	ने.अ.	अपूर्ण	A १२२०/३३	राष्ट्रिय अभिलेखालय
५.	१८२६	दे.अ.	अपूर्ण	-	राष्ट्रिय अभिलेखालय
६.	१८४२	दे.अ.	अपूर्ण	-	राष्ट्रिय अभिलेखालय
७.	१८४४	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
८.	१८४७	ने.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
९.	१८५१	ने.अ.	१ पत्र पूर्ण	H २८१/४	सी.वी.श्रेष्ठ, सिरूटार
१०.	१८५५	ने.अ.	अपूर्ण	H २८१/२	सी.वी.श्रेष्ठ, सिरूटार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

११.	१८५९	ने.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
१२.	१८६२	दे.अ.	अपूर्ण	-	राष्ट्रिय अभिलेखालय
१३.	१८६५	ने.अ.	१ पत्र पूर्ण	E २०६४/७	काठमाडौं, आशा सफूकुथि
१४.	१८६६	ने.अ.	१ पत्र पूर्ण	H २८१/३	सी.वी.श्रेष्ठ, सिरूटार
१५.	१८६६	ने.अ.	१ पत्र अपूर्ण	-	राष्ट्रिय अभिलेखालय
१६.	१८६७	ने.अ.	२६ पत्र पूर्ण	E २०६५/८	जगराज जोशी, टोखा
१७.	१८६८	ने.अ.	१ पत्र अपूर्ण	-	राष्ट्रिय अभिलेखालय
१८.	१८६०	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
१९.	१८७०	ने.अ.	अपूर्ण	E २२९४/४२	प्रकाश श्रेष्ठ, काठमाडौं
२०.	१८७०	ने.अ.	अपूर्ण	-	प्रकाश श्रेष्ठ, काठमाडौं
२१.	१८७१	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
२२.	१८७३	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
२३.	१८७३	दे.अ.	अपूर्ण	-	राष्ट्रिय अभिलेखालय
२४.	१८७३	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
२५.	१८७३	ने.अ.	अपूर्ण	H २५०/५	टी. महर्जन, कीर्तिपुर
२६.	१८७४	ने.अ.	अपूर्ण	-	राष्ट्रिय अभिलेखालय
२७.	१८७४	दे.अ.	बेरूवा पात्रो	-	राष्ट्रिय अभिलेखालय
२८.	१८७६	ने.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
२९.	१९७८	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
३०.	१८७९	दे.अ.	अपूर्ण	-	राष्ट्रिय अभिलेखालय
३१.	१८८०	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
३२.	१८८१	दे.अ.	१ पत्र पूर्ण बेरूवा	-	राष्ट्रिय अभिलेखालय
३३.	१८८२	दे.अ.	अपूर्ण	-	राष्ट्रिय अभिलेखालय
३४.	१८८३/८४	ने.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
३५.	१८८४	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
३६.	१८८५	दे.अ.	पूर्ण,	-	राष्ट्रिय अभिलेखालय
३७.	१८८६	-	-	-	राष्ट्रिय अभिलेखालय
३८.	१८८७	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
३९.	१८८७	दे.अ.	अपूर्ण	D ३१/७	काठमाडौं विहार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४०.	१८८८	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
४१.	१८९०	दे.अ.	१ सेट पूर्ण	E ७०/१९	राजोपाध्याय, पाटन
४२.	१८९०	दे.अ.	१४ पत्र पूर्ण	E ३१६/१२	हरि पौडेल, काठमाडौं
४३.	१८९०	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
४४.	१८९१	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
४५.	१८९१	दे.अ.	अपूर्ण	-	राष्ट्रिय अभिलेखालय
४६.	१८९२	दे.अ.	१५ पत्र पूर्ण	F ३२/६	सूर्यनाथ अर्याल, गोरखा
४७.	१८९३	ने.अ.	१४ पत्र अपूर्ण	E ४६२/९	एन्.वी.महर्जन, कीर्तिपुर
४८.	१८९४	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
४९.	१८९६	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
५०.	१८९८	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
५१.	१९००	दे.अ.	१४ पत्र पूर्ण	F ३२/५	सूर्यनाथ अर्याल, गोरखा

उपर्युक्त तालिकामा मूल प्रतिको स्रोतमा व्यक्तिको नाम दिइएका पञ्चाङ्गहरूको मूल प्रति सम्बन्धित व्यक्तिकैमा रहेका छन् भने राष्ट्रिय अभिलेखालयमा केवल तिनीहरूको छविचित्र मात्र रहेकोले नम्बर दिइएको छ । मूल प्रति राष्ट्रिय अभिलेखालयको संरक्षणमा रहेका कतिपय पञ्चाङ्गहरूको छविचित्र उतार गर्न बाँकी रहेकोले नम्बर दिइएको छैन । त्यस्तै कतिपय विक्रम संवत्का पञ्चाङ्गहरू ४-४ प्रतिसम्म पनि देखिएका छन् भने कतिपय वि.सं.का भने राष्ट्रिय अभिलेखालयको संकलनमा नै आइपुगेका छैनन् । यस तालिकामा उल्लिखित प्रायः सबैजसो पञ्चाङ्गहरू एउटै लामो नेपाली कागजमा लेखी बेहेरेर राखिएका छन् भने केही चाहिं सिलाएर पुस्तिकाकार बनाइएको छ ।

२. विक्रम सम्वत् १९०१ देखि १९४० सम्मका:

वि.सं. १९४१ देखि मुद्रित पञ्चाङ्गहरूको प्रचलन भएकोले यस अवधिमा १९०१ देखि १९४० सम्मका जम्मा ५२ थान हस्तलिखित पञ्चाङ्गहरूको विवरण दिइएको छ:

तालिका नं. २

क्र.सं.	विक्रम संवत्	लिपि	पूर्ण/अपूर्ण	रिल नं.	मूल प्रतिको स्रोत
१.	१९०१	दे.अ.	१७ पत्र पूर्ण	F ३२/१	सूर्यनाथ अर्याल, गोरखा
२.	१९०१	दे.अ.	१६ पत्र पूर्ण	E ६५६/१२	विजय सापकोटा, काठमाडौं
३.	१९०३	दे.अ.	२९ पत्र पूर्ण	E २०२०/१३	एम.एम. मिश्र, पाटन
४.	१९०३	ने.अ.	अपूर्ण	-	राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५.	१९०४	दे.अ.	अपूर्ण	-	राष्ट्रिय अभिलेखालय
६.	१९०४	दे.अ.	अपूर्ण	H २९६/६	एम.एम. मिश्र, पाटन
७.	१९०५	ने.अ.	१ पत्र पूर्ण	H २६७/५	सी.वी. श्रेष्ठ, सिरूटार
८.	१९०८	दे.अ.	१ पत्र अपूर्ण	A १००३/६	राष्ट्रिय अभिलेखालय
९.	१९०८	दे.अ.	अपूर्ण	-	राष्ट्रिय अभिलेखालय
१०.	१९०९	दे.अ.	१ पत्र अपूर्ण	I ५४/१	के.वी. न्यौपाने, वनेपा
११.	१९१०	दे.अ.	३० पत्र पूर्ण	E २००६/६	मदनमोहन मिश्र, पाटन
१२.	१९१०	दे.अ.	अपूर्ण	-	राष्ट्रिय अभिलेखालय
१३.	१९१०	दे.अ.	१ पत्र अपूर्ण	H २९७/५	एम.एम. मिश्र, पाटन
१४.	१९११	दे.अ.	१४ पत्र अपूर्ण	E ७८३/६	गोविन्दप्रसाद घिमिरे, काठमाडौं
१५.	१९१२	दे.अ.	३२ पत्र पूर्ण	E २०२३/५	एम.एम. मिश्र, पाटन
१६.	१९१३	दे.अ.	१० पत्र अपूर्ण	F २३/४	सूर्यनाथ अर्याल, गोरखा
१७.	१९१३	दे.अ.	अपूर्ण	E २९८७/१३	ठुले लामा, थानकोट
१८.	१९१४	दे.अ.	अपूर्ण	-	राष्ट्रिय अभिलेखालय
१९.	१९१५	दे.अ.	१२ पत्र अपूर्ण	E १६६१/१०	वलराम अर्याल, मनकामना
२०.	१९१६	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
२१.	१९१६	दे.अ.	पूर्ण	A १००३/४	राष्ट्रिय अभिलेखालय
२२.	१९१८	दे.अ.	पूर्ण	A १००३/४	राष्ट्रिय अभिलेखालय
२३.	१९१८	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
२४.	१९१९	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
२५.	१९१९	दे.अ.	२८ पत्र, पूर्ण	E २००७/७	एम.एम. मिश्र, पाटन
२६.	१९१९	दे.अ.	१ पत्र अपूर्ण	I ५४/२	के.वी.न्यौपाने, बनेपा
२७.	१९१९	दे.अ.	पूर्ण	A १००३/४	राष्ट्रिय अभिलेखालय
२८.	१९१९	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
२९.	१९२०	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
३०.	१९२०	दे.अ.	पूर्ण	A १००३/४	राष्ट्रिय अभिलेखालय
३१.	१९२१	दे.अ.	१४ पत्र पूर्ण	E १६६१/११	वलराम अर्याल, मनकामना
३२.	१९२२	दे.अ.	२९ पत्र पूर्ण	E २०४२/१९	एम.एम. मिश्र, पाटन
३३.	१९२२	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३४.	१९२२	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
३५.	१९२२	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
३६.	१९२४	दे.अ.	१३ पत्र पूर्ण	F ३२/२	सूर्यनाथ अर्याल, गोरखा
३७.	१९२४	दे.अ.	पूर्ण	A १००३/४	राष्ट्रिय अभिलेखालय
३८.	१९२६	दे.अ.	अपूर्ण	H ३४६/८	एम.एम. मिश्र, पाटन
३९.	१९२७	दे.अ.	१२ पत्र अपूर्ण	E ७८३/८	गोविन्दप्रसाद घिमिरे, काठमाडौं
४०.	१९२८	ने.अ.	पूर्ण	G २६७/८	सी.वी. श्रेष्ठ, सिरूटार
४१.	१९२८	दे.अ.	अपूर्ण	A १६०३/७	राष्ट्रिय अभिलेखालय
४२.	१९३३	दे.अ.	१६ पत्र पूर्ण	E १६६१	वलराम अर्याल, मनकामना
४३.	१९३४	दे.अ.	१ पत्र पूर्ण	E ४३६/११	अमरदेव, काठमाडौं
४४.	१९३४	दे.अ.	१५ पत्र अपूर्ण	E २०२५/१०	एम.एम. मिश्र, पाटन
४५.	१९३४	ने.अ.	१० पत्र अपूर्ण	E १६५०/२१	रामभक्त, भक्तपुर
४६.	१९३५	मै.अ.	१६ पत्र पूर्ण	M ७७/३	विजयानन्द झा, जनकपुर
४७.	१९३५	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
४८.	१९३६	दे.अ.	अपूर्ण १४ पत्र	E ७८३/९	गोविन्दप्रसाद घिमिरे, काठमाडौं
४९.	१९३६	ने.अ.	बेरेको १ पत्र अपूर्ण	D ११०/२	वी.आर. वज्राचार्य, पाटन
५०.	१९३७	दे.अ.	पूर्ण	-	राष्ट्रिय अभिलेखालय
५१.	१९३७	दे.अ.	१४ पत्र अपूर्ण	E ७८३/१०	गोविन्दप्रसाद घिमिरे, काठमाडौं
५२.	१९३८	?	१ पत्र पूर्ण	E १८५०/३८	हरिराम सुवेदी, काठमाडौं

उपर्युक्त तालिममा उल्लेख गरिएका वि.सं. १९०१ देखि १९४० सम्मका पञ्चाङ्गहरूमा पनि कतिपय वि.सं.का ३-४ प्रति रहेका छन् भने वि.सं. १९०२, १९०६, १९०७, १९१७, १९२३, १९२५, १९२९, १९३०, १९३१, १९३२, १९३९ र १९४० का पञ्चाङ्गहरू चाहिं राष्ट्रिय अभिलेखालयको संकलनमा छैनन् । यस अवधिका पञ्चाङ्गहरूमा पनि मूल प्रति सम्बधित व्यक्तिकैमा रहेकाहरूको मइकोफिल्म रिल नं. दिइएको छ भने मूल प्रति राष्ट्रिय अभिलेखालयमै रहेकाहरूको चाहिं फिल्म उतार गर्न नै बाँकी रहेको देखिन्छ ।

३. विक्रम सम्वत् १९४१ देखि हालसम्मका:

वि.सं. १९४१ को नेपालबाट प्रकाशित पहिलो मुद्रित पञ्चाङ्ग मानिन्छ । यसको अग्रपृष्ठमा "प्रारम्भ जीवनाथ गणितेऽस्मिन् सम्वत् १९४१ पञ्चाङ्ग पत्र" भन्ने उल्लेख गरिएको छ । चैत्र शुक्ल प्रतिपदा १७ गतेदेखि प्रारम्भ भइ चैत्र कृष्ण औंशी ५ गते समाप्त भएको पञ्चाङ्ग आदि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्त्यपूर्ण छ। नेपाली कागजमा छापिएको सामान्य अवस्थाको यस पञ्चाङ्गको मूल प्रति राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेको छ। वि.सं. १९४२ को पञ्चाङ्ग किराले केही काटेको भए तापनि आदि अन्य पूर्ण छ भने वि.सं. १९४३ को पञ्चाङ्ग चाहिं राष्ट्रिय अभिलेखालयको संकलनमा छैन। वि.सं. १९४४ को आदि अन्त्यपूर्ण पञ्चाङ्ग छ भने वि.सं. १९४५ को चाहिं हिन्दी भाषामा मुद्रित रहेको छ। वि.सं. १९४६ को पञ्चाङ्गको मूल प्रति राष्ट्रिय अभिलेखालयको संकलनमा छैन भने विष्णुहरि मरहठ्ठा गोरखाको निजी संकलनमा रहेको हस्तलिखित पञ्चाङ्गको रिल नं. E १६७७/८ मा गरिएको छविचित्र रहेको छ। पत्र १० लाई सिलाई पुस्तककार बनाइएको यो पञ्चाङ्ग बैशाख वदीबाट प्रारम्भ भएको सामान्य अवस्थाको छ। राष्ट्रिय अभिलेखालयको संकलनमा रहेको वि.सं. १९४७ को आदि अन्त्यपूर्ण मुद्रित पञ्चाङ्गमा सर्वप्रथम ईश्वी सम्वत्को उल्लेख गरिएको देखिन्छ। वि.सं. १९४९ देखि १९५१ सम्मका मुद्रित पूर्ण पञ्चाङ्गहरू राष्ट्रिय अभिलेखालयको संकलनमा रहेका छन् भने १९५२ को पञ्चाङ्गमा चाहिं भाद्र कृष्ण औंशी ५ गतेदेखि कार्त्तिक कृष्ण औंशी ३ गतेसम्मको अंश नभएकोले अपूर्ण छ। यसै बि.सं.का अन्य हस्तलिखित ३ पञ्चाङ्गहरू पनि रहेका छन्। वि.सं. १९५३ को पञ्चाङ्गका पनि केही पत्रहरू मात्र रहेकोले अपूर्ण छ भने विद्यानन्द झाको निजी संकलनमा रहेको मैथिली लिपिमा लेखिएको १३ पत्रको पूर्ण पञ्चाङ्ग छविचित्र नं. M७७/४ र केशवकुमार शर्मा चरीकोटको निजी संकलनमा रहेको अपूर्ण पञ्चाङ्ग छविचित्र नं. E२१५९/६ पनि रहेको छ। वि.सं. १९५४ र १९५५ का पूर्ण पञ्चाङ्गहरू पनि राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेका छन्।

वि.सं १९५६ देखि २०५६ सम्म १०० वर्षका मुद्रित पूर्ण पञ्चाङ्गहरूलाई चाहिं ५-५ वर्षको एक सेटमा गातावन्दी गरी संरक्षण गरिएको छ। यस मध्ये वि.सं. १९७२ को पञ्चाङ्गमा भाद्र शुक्ल, आश्विन कृष्ण शुक्ल र कार्तिक कृष्णको अंश नभएकोले अपूर्ण छ। यसका लागि केशव कुमार शर्मा चरिकोटको निजी संकलनमा रहेको हस्तलिखित पूर्ण पञ्चाङ्गको छविचित्र नं. E२१५९/३ पनि रहेकोले यसको अपूर्ण अंशलाई पूर्ण गर्न सकिन्छ।

वि.सं. १९४१ पछिका पञ्चाङ्गहरूमा छविचित्र र मूल प्रतिकै रूपमा पनि एउटै सम्वत्का ३-४ प्रतिसम्म पनि राष्ट्रिय अभिलेखालयको संकलनमा रहेका छन् तर ती सबैको विस्तृत विवरण यहाँ दिइएको छैन। हुन त वि.सं. २०२० सालसम्ममा पनि हस्तलिखित पञ्चाङ्गहरू पाइएका छन् तर १९४१ पछि विशेष गरी मुद्रित पञ्चाङ्गहरूको मात्र बयान गरिएको छ।

वि.सं १८१२ देखि २०५६ सम्म अर्थात् २४४ वर्ष अवधिका पञ्चाङ्गहरूको विवरण यस लेखमा दिइएको छ तापनि बीच-बीचका कतिपय वि.सं.का पञ्चाङ्गहरूको अपूर्णता देखिन्छ। ती अपूर्ण रहेका वि.सं.का पञ्चाङ्गहरू पूर्ण गर्नुपर्ने देखिएकोले कुनै पनि ब्यक्ति वा संस्थाले राष्ट्रिय अभिलेखालयको संकलनमा नरहेका हस्तलिखित वा मुद्रित प्राचीन पञ्चाङ्गहरू राष्ट्रिय अभिलेखालयको संरक्षणमा सुम्पिन चाहेमा, विक्री गर्न चाहेमा वा छविचित्र मात्र उतार गरी मूल प्रति आफैसँग राख्न चाहेमा पनि सोही अनुसार गर्न सकिने र राष्ट्रिय अभिलेखालयको पञ्चाङ्ग संकलन गर्ने कार्यमा सहयोग पुऱ्याउन सकिने ब्यहोरा पनि अवगत गराइन्छ। ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषय-सूची

(अभिलेख अंक ११-१५)

(अनुसन्धानकर्ताहरूलाई केही सुविधा होला भनेर अभिलेख १-१० अंकहरूमा प्रकाशित सामग्रीहरूको विषयसूची अभिलेख अंक ११ मा प्रकाशित गरिसकेको छ, त्यसैक्रममा यस अंकमा अभिलेख ११-१५ अंक सम्मका प्रकाशित सामग्रीहरूको विषयसूची लेखक वर्णानुक्रम अनुसार यहाँ राखिएको छ ।)

क) लेखकको नाम	लेख	वर्ष/अंक (पूर्णाङ्क)	पृष्ठ
अबिका प्र. रेग्मी	- चाणक्य: लघुचाणक्य	- १२/१२	- १२३
उद्धव आचार्य	- शिखर नारायण मन्दिरको वास्तुकला	- ११/११	- ९४
ऐश्वर्यधर शर्मा	- लक्ष्मी नारायणको शिलालेख	- ११/११	- ६७
डा. काशीराज शर्मा सुवेदी	- अभिलेखालयका केही आयुर्वेदीय ग्रन्थहरू	- ११/११	- ५५
	- सिद्धसार संहिता संक्षिप्त विवेचना	- १२/१२	- ११६
	- राष्ट्रिय अभिलेखालयमा सुरक्षित आयुर्वेद सम्बन्धी हस्तलिखित ग्रन्थहरूको संक्षिप्त विवरण	- १३/१३	- २५
	- चिकित्सा मणिमालाको संक्षिप्त विवेचना तथा अन्य आयुर्वेद ग्रन्थहरूको विवरण	- १४/१४	- ६४
	- वनौषधि-नामावली एक परिचय	- १५/१५	- ४०
कुमारलाल जोशी	- "तोरण" नेपाली संकृति तथा वास्तुकलाको आकर्षक अंग	- १२/१२	- ७६
जगन्नाथ उपाध्याय	- प्राचीन हनुमन्नाटक सामान्य अवलोकन	- १४/१४	- २३
	- आस्था र विश्वासकी देवी पाथीभरा	- १५/१५	- १३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

डा. जनकलाल वैद्य	- कवि जगच्चन्द र उनका केही गीतहरू	- १२/१२ - ९२
	- राष्ट्रिय अभिलेखालयमा रहेको सूचीपत्र अभिलेख ग्रन्थ एक परिचय	- १३/१३ - २५
	- न्यातापोल अर्थात पाँच तल्ले मन्दिर निर्माण प्रतिष्ठा कार्य एक झलक	- १४/१४ - ९२
	- राष्ट्रिय अभिलेखालयस्थित केही नेपाली अभिलेख ग्रन्थ	- १५/१५ - २४
तीर्थलाल नःघःभनी	- सायाः (इन्द्रजात्रा)	- ११/११ - ७२
दिनेशराज पन्त	- इन्द्रध्वज सम्बन्धी साइत लेखिएको वि.सं. १९०० को कागत	- १३/१३ - ३६
दिवाकर आचार्य	- मलयकेतु वंशी राजा जयादित्या ॥ को भुमइ पत्र	- १५/१५ - ४७
डा. पियूषराज पाण्डे	- केलादिघाट शिव मन्दिरको ताम्रपत्र र शिलापत्रहरू	- १५/१५ - १४०
पूर्णरत्न बज्राचार्य	- भूमिसम्बन्धी ताडपत्र तमसूक	- ११/११ - ११०
	- भूमिसम्बन्धी ताडपत्र तमसूक	- १३/१३ - १३४
प्रकाश दर्नाल	- साँगाको सांस्कृतिक सम्पदा	- १२/१२ - ८०
विष्णुकान्त शर्मा	- नुवाकोट तलेजु भवानी मन्दिरः एक चर्चा	- ११/११ - ३४
	- पाल्पा जिल्लाका इष्टदेवः भैरव	- १२/१२ - ४४
	- धादिङ्ग-जननी त्रिपुरासुन्दरी	- १३/१३ - १
	- श्री गणेश	- १४/१४ - १
	- अभिलेखयुक्त सिंह	- १५/१५ - १
डा. विष्णु प्र. घिमिरे	- भाषा र साहित्यमा पाल्पाली सेनहरूको भूमिका	- ११/११ - ८४
डा. भूपहरि पौडेल	- मूलचोकमा रागा हान्या भारदारको तपसिल	- १३/१३ - २१
डा. राजाराम सुवेदी	- लाटपाध्याले चिताई गर्ने बोगटी पौवाको ताम्रपत्र	- ११/११ - ६०
शिद्धिरत्न शाक्य भिक्षु	- भूमि सम्वन्धी केही तमसूक ताडपत्रहरू	- १४/१४ - ११५
	- भूमि सम्वन्धी केही तमसूक ताडपत्रहरू	- १५/१५ - ५६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्यामसुन्दर राजवंशी - थानकोट स्थित चन्दन भराटकेश्वर मन्दिरका अभिलेखहरू - ११/११ - ८९

- ललितपुरको सर्वप्राचिन लिच्छवी अभिलेख- १३/१३ - १०६

- पहिले अभिलेख पढौं अनि इतिहास बुझौं- १५/१५ - ३१

सरला मानन्धर - धरहरा (भीमसेन स्तम्भ)को संक्षिप्त परिचय - १२/१२ - ७१

श्री हरि रूपाखेती - थानकोट महादेव गाउँ स्थित चन्दन भराटेश्वर मन्दिरका अभिलेखहरू - १४/१४ - ८५

ख)

१. - कौसी तोषाखानावाट प्राप्त लालमोहर - ११/११ - १

" " " - १२/१२ - १

" " " - १३/१३ - ४१

" " " - १४/१४ - ३०

" " " - १५/१५ - ७६

२. - आर्थिक वर्ष २०४९/५० को वार्षिक गतिविधि - ११/११ - १२९

- आ.व. २०५०/५१ को वार्षिक गतिविधि - १२/१२ - १४८

- आ.व. २०५१/५२ को वार्षिक गतिविधि - १३/१३ - १५५

- आ.व. २०५२/५३ को वार्षिक गतिविधि - १४/१४ - १४८

- आ.व. २०५३/५४ को वार्षिक गतिविधि - १५/१५ - १४३

३. - विषय-सूची (अभिलेख अंक १-१०) - ११/११ - ११९

ग)

Griha Man Singh – Haritalika coated Envelop in A Means of Document Preservation - १२/१२ - १४४

– Preservation of writing materials in the National Archives of Nepal - १३/१३ - ८४

– Conservation of Rolled Palm leaf Manuscripts (RPLM) - १४/१४ - १४३

– Conservation of Copper Plate Inscription (CPI) "Tamrapatra Abhilekh" - १५/१५ - १३२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

Gyan Hari Aryal	– Acidity of paper and methods of Deacidification	- १३/१३	- १०३
Dr. Klaus Dister Mathes	– Result of the sixth phase of Nepal-German Manuscript preservation project and future perspects	- १४/१४	- १३३
Dr. K. Dister Mathes	– The Golden Kanjur of Mustang	- १५/१५	- १२७
Sukra Sagar Shrestha	– Three Inscription of Jagat Pal Varma	- १४/१४	- १३७
....	– Archival Security: Problems of Conservation	- ११/११	- १२९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राष्ट्रिय अभिलेखालयका अभिलेख ग्रन्थहरूमा छरिएका घटनावली - टिप्पणी अभिलेखांशहरू

✍ डा. जनकलाल वैद्य
चक्रपथ महालक्ष्मी चोक, ल.पु.

स्वदेशी विदेशी इतिहासकार विद्वान्हरूका सत् प्रयासद्वारा मध्यकालीन नेपालका धार्मिक, सांस्कृतिक, राजनैतिक, आर्थिक र प्राकृतिक पक्षका धेरै नै घटनावली टिप्पणी तथा वैयक्तिक जन्म मृत्यु संवत् तिथिमितिका टिप्पणी अभिलेखांशहरूका संकलन र तत्तत् सम्बन्धी पुस्तक-पुस्तिकाहरू र लेखहरू पत्रपत्रिकामा प्रकाशित गराइसकेका छन्। त्यस्ता पुरातात्त्विक र ऐतिहासिक महत्त्व भएका अभिलेख सामग्री मध्ये सन् १८९८-१८९९ तिर बेलायतका अन्वेषक विद्वान् **सेसील बेण्डालले** काठमाडौंको तत्कालीन **दरवार लाइब्रेरीमा** पत्ता लगाएका **गोपालराज वंशावली** भुजिंमोल लिपिवद्ध ताडपत्र अभिलेख ग्रन्थ नै घटनावली टिप्पणी अभिलेख सम्बन्धित जेठो प्रामाणिक प्राचीन अभिलेख ग्रन्थ हुन्। त्यसलाई योगी नरहरिनाथले **हिमवत संस्कृति** अङ्क १ मा, डा. डिल्लीरमण रेग्मीले **मिडियवल नेपाल**, भाग ३ को (पृ. ११३-१५७) मा, स्व. धनवज्र वज्राचार्य र डा. कमलप्रकाश मल्लद्वारा अभिलेख ग्रन्थको मूल प्रतिको चित्र प्रतिलिपि पुरै, नेपाली र अंग्रेजी भाषान्तर, देवनागरी पाठ तथा त्यस अभिलेखग्रन्थमा रहेका धेरै तथ्यहरू परिशिष्टमा राखी विद्वत्तापूर्ण भूमिका सहित प्रकाशित गरिसकेका छन्। त्यस **गोपालराज वंशावली** अध्ययन गर्दा संस्कृत (पत्राङ्क १७क देखि २९क सम्म) र नेपालभाषा (पत्राङ्क २९क देखि ६३ख सम्म) माध्यममा समसामयिक राजनैतिक, धार्मिक, आर्थिक, सांस्कृतिक र प्राकृतिक पक्षीय घटनावली टिप्पणी तथ्य संवत् तिथि शासक राजाका नाम र शासन समयवाधि, शासन समयावाधि विशेषमा भएका कामका वर्णन, संक्षिप्त र स्पष्ट लेखिराखेका देखिन्छन्। ती अभिलेखांश तथ्यहरू तत्कालै टिपिएका र लिपिबद्ध गरिएका हुंदा बढी प्रामाणिक एवं विश्वसनीय छन्। त्यसमा उल्लिखित कुनै कुनै कृत्य घटनावलीका तथ्यसित निकट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सम्बन्धित देखिने शिलाभिलेख (**मिडियवल नेपाल**, भाग ३ को पृ. १५६ को पृष्ठाङ्क ६३क र पृ. २७ को **XXXI**को शिलालेख देवपाटन स्थित सुन्धारा श्रीश्री **जयस्थिति मल्लले** आफ्नी दिवंगता रानी श्री राजल्लदेवीको स्मृतिमा स्थापित र मर्मत गरिएका ब्यहोराका) बाट **गोपालराज वंशावलीका** तथ्य टिप्पणी अभिलेखांश प्रामाणिक लाग्छ। पछिपछि पनि गोपालराज वंशावलीकै ढांचामा समकालिक घटनावली टिप्पणी तत्तत् कालमै टिपेर र संकलन गरेर लेखी थ्यासफू बनाई राख्ने गरेका देखिन्छन्। यहाँ सम्म कि **केशर पुस्तकालयमा** सुरक्षित रहेको प्रकीर्ण खण्डित अवस्थाको एक वंशावलीको केही पत्राङ्कका छेउ छेउमा पनि केही घटनावली लिपिबद्ध गरिएका देखिन्छन् (बज्राचार्य र मल्ल सम्पादित **द गोपालराज वंशावली**, पृ. २०५, २११ र २१२ मा)।

नेपालमा तात्कालिक घटनावली टिपेर राख्ने परम्परा जस्तै चलेर आएको देखिन्छ। यिनै परम्पराले एकातिर घटनावली टिप्पणी संकलन जस्तै गरेर **'घटनावली'**, **'नेपाल घटनावली'**, **'परम्परा घटना'**, **'मत्स्येन्द्र वंशावली'** र **'वंशावली'** शीर्षकका थ्यासफू अभिलेख ग्रन्थहरू सिंगै ग्रन्थ रूपमा राष्ट्रिय अभिलेखालयमा सुरक्षित छन्। ती मध्ये कुनै सद्दे अवस्थामा छन् त कुनैका पत्राङ्क हिनामिना भएर नष्ट-भ्रष्ट, खण्डित र प्रकीर्ण स्थितिमा परेका छन्। त्यस्ता घटनावली अभिलेखहरूमा कुनै कुनै थ्यासफू **ऐतिहासिक घटनावली** शीर्षकको स्व. शङ्करमान राजवंशीद्वारा पुस्तिका **'अप्रकाशित थ्यासफू'** शीर्षकमा गौतम वज्र वज्राचार्यले संशोधन मण्डलको मासिक पत्रिका **पूर्णिमा** अङ्क १२-१४, १६-१७ र १८-१९ मा लेखहरू प्रकाशित गराइसकेका छन्। त्यस्ता थ्यासफूका कुनै घटनावलीका ब्याख्या लेखहरू **पूर्णिमा** नै उपर्युक्त अङ्कहरू १२-१४, १६-१७ मा लेखहरू प्रकाशित गराइसकेका छन्। अर्कोतिर, कोही अभिलेख ग्रन्थकार र लिपिकारहरूले आ-आफूले लिपिवद्ध गरेका जुनकुनै विषयका पनि अभिलेख ग्रन्थका समाप्ति बाक्य पछिका पत्रहरूमा र अभिलेख ग्रन्थ भित्रकै कुनै पनि पत्रका कुना काप्चामा आ-आफ्ना समकालिक घटनावली तत्कालै लिपिबद्ध गरिराखेका हुन्छन्। त्यस्ता घटनावली टिप्पणी अभिलेखांशहरू छापी प्रकाशनमा आएका पुस्तकहरूमा जस्तै दिनेशराज पन्तद्वारा सम्पादित **सुमतितन्त्रमा**, ऐश्वर्यधर शर्माको कृति **स्वस्थानी** पुस्तकमा र हेमराज शाक्य तुलसीराम वैद्यका (संयुक्त ग्रन्थकर्ताहरू) **मिडियवल नेपाल** पुस्तकमा पनि परेका छन्। त्यस्तै स्व. प्रेमबहादुर कंसाकारले **सितु** पत्रिकामा, हरिराम जोशीद्वारा सम्पादित प्रकाशित इतिहास प्रधान **रोलम्बा** मासिकमा त 'इतिहासको कुरा' स्तम्भै छ (त्यस्ता समसामयिक ऐतिहासिक घटनावली टिप्पणी अभिलेखांशका लागि), उक्त स्तम्भका लागि यी पंक्तिका लेखकले त्यस्ता घटनावली टिप्पणी संक्षिप्त परिचय विवरण सहित उपलब्ध गराउँदै प्रकाशित गराउँदै छ।

यस पंक्तिलेखकले वि.सं. २०३४ र २०४० मा गरी दुइ पटक **राष्ट्रिय अभिलेखालय**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

स्थित **नेपालभाषाका** (संस्कृत, मैथिली, बंगाली, हिन्दी, नेपाली माध्यमहरू पनि संयुक्त रूपमा प्रयोग भएका) तेंत्तीस विभिन्न विषयका अभिलेख ग्रन्थहरूका वर्णनात्मक सूची तयार गरेको थियो । एकेक अभिलेख ग्रन्थ त्यसबेला होशियारी साथ आद्योपान्त अध्ययन गरी त्यस्ता अभिलेख ग्रन्थहरूमा के के पठनीय, अनुसन्धेय र प्रामाणिक तथ्य सामग्री कहाँ कहाँ छन् सोध खोज गर्दै जाँदा त्यहाँका ३७ वटा जति ज्योतिष, तान्त्रिक कर्म-काण्ड, वही-धरोत, नाटक, धनुशास्त्र, नीति, कथा, कोश, काव्य, स्तोत्र, धर्मशास्त्र, कर्मकाण्ड इत्यादि विषयका अभिलेख ग्रन्थहरूका समाप्ति वाक्यपछि र ग्रन्थभित्र कुना काप्चामा लिपिबद्ध गरिराखेका पाइए । प्रस्तुत लेखमा त्यस्ता घटनावली टिप्पणी अभिलेखांशहरू मध्ये केही यहाँ मूलपाठ र नेपाली भाषान्तर सहित संक्षिप्त परिचय व्याख्या प्रस्तुत गर्दछु -

(१) सम्वत् ५८८ पौष शुक्ल पञ्चम्यायां तिथौं । ... .प्रयत्नेन मया कष्टेन लिखितं ॥ श्रीश्री जय जक्ष (यक्ष) मल्लदेव ठाकुरस .... चवभय राबुतस वो संग्राम जुरङास चोया थ्व शास्त्र (धनुशास्त्र) ॥

- धनुशास्त्र, प्र १४९१

बी १८९/१४ ।

यस अभिलेखांश टिप्पणीबाट "राजा यक्ष मल्लको र चारजना रावुत भारोहरूसित ठूलो संग्राम भएताका आवश्यक परेर यो धनुशास्त्र ग्रन्थ ठूलो मिहिनेत गरी बडो कष्टसाथ बनाएँ ।" भन्ने उल्लेख भएबाट त्यसबखत संग्राम जस्तो संकट आइपर्दा झट्टपट्ट आवश्यक ग्रन्थ लेखी लेखाई तालीम दिई संग्राममा जाने र पठाउने चलन भएको बुझिन्छ । यक्ष मल्लकालीन उक्त संग्रामबारे सोधखोज गरी ऐतिहासिक तथ्य प्रकाशमा ल्याउने काम हुनु बाँकी नै छन् । इतिहास विषयका अनुसन्धानार्थीहरूका ध्यान त्यतातिर जानु वाञ्छित लाग्छ ।

(२) श्री ३ भैरवजुस, पात्र सुङाव, न्या छुयाव चोङा थें ह्याङ्गुसे चोङ माचन क्वताङाव, छखेस चोङ् नेपोर स्वपोर चोङ् थ्वया शान्ति मयाङाव, याकात जुव, वाभु राज्यं सकल्यं फुक ॥ थ्वनलि पात्र सुकया, शान्ति पूजा, दीप जागन पूजा याना जुरो ॥ ॥

(३) एवसिँया मोड स्वरहासे वव् थाङा बेरस, थ्वया शान्ति छुं नं मयाङाव, याकात जुव, राज्यं सकल्यं मोक, गल प्राखाड जुक्व रेङ जुरो ॥ संवत् ७८३ ॥ श्री ३ आकाश भैरव यात्रा एने देव खतस थङाव बेरस, खतया छत्र क्वताङ वव, थ्व बेलस येंया एलाया, संग्राम वयाव षुसि इतास चोङाव, गानकर हव, प्रताप मल्लया आज्ञा मदतोरे जात्रा याय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मदु धक बाधा याङाव चछिं गाड यितिस बिज्यातकाव तया जुरों ।

– भैरव वलि विधि, प्र १६१२, बी ३७५/२३ ।

(४) भैरवया पात्र फलम क्वताङ व (व) दुवारल्याख क्वस चोङा, थ्व आचार्यन खाङाव उपाध्यायके यिनाप याङाव स्वथानयां आचात, मुङाव, समथन दीप जाग याय माल धकं समर्थ (सहमत?) जुयाव च्यान्हु पूजा दिन छुङाव साति कुन्हु, होङान आचार्य बोनकल हयाव थवथवसेन तला धकाव, पालयाङाव आचात नायक खाङम्हं स्वम्हं, दण्ड याय धकं धाय, थ्वया शान्ति छुं नं मयाङाव याकात जुव । वाभु सकरं फुक । श्रीश्री जगतप्रकाश मल्लया प्रज्यावसः सम्वत् ७८९ ॥

– आकाश महाभैरव शान्ति वलि विधि, प्रं १६९६/२२६२; ए २३१/२१ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अर्थः

(१) श्री ३ भैरवजुको पात्र तातेर आगोमा तताएको फलाम झैं रातो भएछ र सो माचबाट (त्रिकूटीबाट) दुइ तीनचोटी खसेर एकातिर लागेछ । त्यसको शान्ति नगराइंदा एक्लिनु पऱ्यो (भक्तपुर राज्य, कान्तिपुर र ललितपुर राज्यसित छुट्टिनु पऱ्यो), भक्तपुर राज्य इलाकाभित्र परेको वांयु जम्मै गुमाउनु पऱ्यो । त्यसपछि मात्र पात्र तातेकोको उत्पात शान्ति पूजा गराइयो, दीप जाग पूजा गराइयो ।

(२) भक्तपुरमा बिस्केट जात्रामा लिङ्गो उभ्याउंदा लिङ्गोको शिरोभाग भाँचेर फुस्केर आएछ । त्यसको केही शान्ति पूजा नगराएकोले भक्तपुर राज्य एक्लिनु पऱ्यो (कान्तिपुर र ललितपुरसित सम्बन्ध बिच्छेद भयो) । भक्तपुर राज्यका सबै जसो भाग गुमाउनु पऱ्यो केही गढ र साँध सीमानाको पर्खालमात्र बाँकी रहयो ॥ संवत् ७८३ तदनुसार वि.सं. १७२० ॥ श्री ३ आकाश भैरवलाई बिस्केट जात्रामा सम्मिलित गर्न लैजानलाई खटमा राख्न लाग्दा खटको छत्र खसेछ । उस बेला कान्तिपुर र ललितपुरका सेना संग्राम गर्न आई नदीको (हनुमन्ते नदीको) पारी पट्टि बसेर "प्रताप मल्लको आज्ञा अनुमति विना जात्रा मनाउन पाईंदैन" भन्न पठाइएछ । त्यसरी बाधा पारेकोले देवता रातभर गाल हिती (गैरीधारा) स्थानमा बिसाई राखियो ।

(४) भैरवको पात्र पेटीबाट खसेर दुवाल्याख (दैलोको पानस) मुनि परेछ । त्यो देखेर आचार्य (कर्माचार्यले) उपाध्यायलाई स्वथान बलि पूजा गर्ने कर्माचार्यहरू भेला गराएर दीप याग पूजा गर्नु पऱ्यो औ आठौं दिनमा पूजा गर्ने भन्ने निर्णय गरेका रहेछन् । निर्धारित दिनमा भेट भएपछि आचार्यलाई (कर्माचार्य) डाक्न पठाइएछ । "तिमीहरू आ-आफूले नै राखेको हो" भनी दोषारोपण गरेछ र कर्माचार्य नाइके, देख्नेहरू तीनै जनालाई दण्ड गर्छु भनेछ । त्यसको पनि केही शान्ति पूजा नगराईंदा भक्तपुर राज्य एक्लिनु पऱ्यो । वाभु भन्ने भूभाग गुमाउनु पऱ्यो । श्रीश्री जगतप्रकाश मल्लको शासन कालमा । संवत् ७८९ वि.सं. १७२६ ॥

टिप्पणीः

ने.सं. ७८१ तदनुसार वि.सं. १७१८ देखि नै भक्तपुरका तत्कालीन राजा जगतप्रकाश मल्लले कान्तिपुरका उस बेलाका राजा प्रताप मल्ल र ललितपुरका राजा श्रीनिवास मल्लका संयुक्त आक्रमण बरोबर सामना गरिरहनु पर्ने र ती दुई राज्यहरूसित सम्वन्ध विच्छद भई भक्तपुर राज्य एक्लिनु पर्ने स्थिति आइपर्ने संकटपूर्ण बेला थियो भन्ने बोध उपर्युक्त घटनावली टिप्पणी अभिलेखांशहरूले गराउँछन् । उस बेलाको भक्तपुरका प्रजाजन धर्मभीरू एवं अन्धविश्वासी थिए । त्यसबेलाका परिस्थितिले गर्दा तिनीहरू सन्त्रष्ट भएका थिए । स्व. शङ्करमान राजवंशीको **ऐतिहासिक घटनावली** पुस्तकमा, डा. दिल्ली रमणको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मिडियवल नेपाल, भाग ३ को थ्यासफूमा र **पूर्णिमा** पत्रिकामा प्रकाशित थ्यासफूमा ती ती समयका गतिविधि सम्बन्धी घटनावली संवत् तिथि सहित टिपिएका देखिन्छन् । उपर्युक्त घटनावली टिप्पणी अभिलेख जगतप्रकाश मल्ल कालीन शान्ति बलि पूजा कर्मकाण्ड विधिका अभिलेख ग्रन्थहरूमा नै उल्लेख भएका छन् । ती घटनावली अभिलेखांशहरू त्यस समयका राजनैतिक, धार्मिक, सांस्कृतिक र जनमानसका स्थितिकै परिचायक प्रामाणिक ऐतिहासिक तथ्य हुन् ।

(५) सम्वत् ७९२ चैत्र कृष्ण दुतीया, वृहस्पतिवाल थ्वकुन्हु अल्पदोस क्वाठ दङा दिन श्रीनिवास मल्लया जय प्रताप ॥ थ्व संवछलस, यंया जयकृष्ण परमान एल ओओ भोछि ॥ मेलुडो क्वाथं काया लोहंचा क्वाठं काया, थव संवछरस जुरो ॥

– **यात्रा नक्षत्राणि**, प्र. १६९६, ए ४२०/१२

अर्थ:

संवत् ७९२ तदनुसार वि.सं. १७२९ चैत्र कृष्ण द्वितीयाका दिन श्रीनिवास मल्लले आफ्नो जयप्रताप फहराई रहेको अवसर उपलक्षमा अल्पदो भन्ने ठाउँमा क्वाठ बनाइयो । सोही वर्षमा कान्तिपुरका जयकृष्ण परमान आफ्ना जहान परिवार सहित ललितपुरमा शरण लिन आयो । सोही वर्षमा मेलुडो र लोहंचा क्वाठहरू पनि जिती लिए ।

टिप्पणी:

उपर्युक्त घटनावली टिप्पणी अभिलेखांशबाट त्यस समय ललितपुरका राजा श्रीनिवास मल्लको जयप्रताप फहराइरहेको समय थियो । उनले अल्पदो क्वाठ बनाउन लगाएको र दुइ क्वाठहरू - मेलु डो क्वाठ र लोहंचा क्वाठमा अधिकार जमाउन पाएको बखत थियो । कान्तिपुरको जयकृष्ण आफ्ना परिवार सहित ललितपुरमा शरणमा (?) आएको घटना पनि उपर्युक्त अभिलेखांशमा टिपिएको छ । स्मरण रहोस, ललितपुर दरवारको मूलचोकको ने.सं. ८१८ तदनुसार वि.सं. १७५५ को तामा पत्रमा जयकृष्णका बाबु-छोरा दुवैका हत्या गरिएका कुरा आउँछ । उपर्युक्त संक्षिप्त अभिलेखांशबाट त्यसबेला भक्तपुर र ललितपुरका राजाहरूमा मेल भइराखेको औ कान्तिपुर राज्य एक्लिएको ज्ञात हुन्छ । ने.सं. ७९१ तदनुसार वि.सं. १७२८ मा श्री प्रताप मल्ल र श्री निवास मल्लका बीच सम्बन्ध टुटेका विषयमा एक ऐतिहासिक घटनावली टिप्पणी डा. दिल्लीरमण रेग्मीले संकलन गरी प्रकाशित गर्नुभएको **मिडियवल नेपाल** भाग ३, पृ. ८१ मा आउँछ । इतिहासकार विद्वान्हरूबाट यी अभिलेखांशहरूका ऐतिहासिक तथ्यबारे अझ वढी स्पष्ट जानकारी आ-आफ्नो अनुसन्धान अध्ययन गरी तिनका निष्कर्ष प्रकाशमा ल्याउन वाञ्छनीय छ ।

(६) संवत् ८५१ माघ कृष्ण तृतीया कुन्हु, वाभु सकल, यं, यलान, तेलाव, हनं सोम लिंग दल वला थकुन्हु श्री रणजित मल्ल देवसन शनैश्वर वार, सोदलं भांचय याङाव,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गोर्खारि म्हं १९८ लाङाव, वाभु लितेलाया था पूजा दुन्ता ॥

– वही, प्र. १६९६/१७१६, ए. ६१०/२४

अर्थः

भक्तपुर राज्य इलाका भित्रको वाभु आफ्नो कब्जामा लिने कोशीस राजा जगतप्रकाश मल्लको शासनकालदेखिं कान्तिपुर र ललितपुरका राजाहरूले समय समयमा गरेका थिए, आक्रमण गर्ने गरेका थिए । भक्तपुरका राजा प्रजा मिली उक्त भूभाग शत्रुको हातमा पर्न नदिन डटेर आक्रमण सामना गर्थे । जगतप्रकाश मल्लको शासन कालका धेरैजसो समय वाभुको रक्षार्थ कान्तिपुर र ललितपुरका संयुक्त आक्रमण सामना गर्नमा बितेका थिए । वाभुका केही भूभाग गुमाउनु परेको पनि थियो । ने.सं ८५१ तदनुसार वि.सं. १७८८ मा राजा रणजीत मल्लको शासन कालमा त झन कान्तिपुर, ललितपुर, गोरखा र तन्हुका संगठित शक्तिले गरिएको आक्रमण सामना गर्नुपर्‍यो । त्यसबेला ती संगठित शक्तिले सोम थानमा थाना समेत हाल्न आएका थिए । भक्तपुरका राजा रणजीत मल्ल, मन्त्री-काजि, प्रजा-पञ्च, गुठीजन सब एक जुट भएर तिनीहरूका थाना भाँचेका थिए, तिनीहरूलाई धपाएका थिए, तिनीहरूले कब्जा गरिसकेका वाभुका केही भूभाग फिर्ता लिन सकेका थिए, १९८ जना गोर्खालीलाई पक्रन सकेका थिए । त्यसबखतको संग्राममा वीरता पराक्रम देखाउनेहरूलाई राजा रणजीत मल्लले इनाम प्रसाद बकस दिएका पनि थिए । ठिमी बालकुमारी देवी स्थानमा टाँसिराखेको सोही सालको तामा पत्रमा र थिमि (ठिमी) लोकेश्वर भजन अभिलेख ग्रन्थमा रहेको 'जय मधेपुरी देसे नामा दाङा झिझिदेसे कुमारि भवानि बिज्याङाव' शीर्षकको वीर रस प्रधान भक्ति स्तुति गीतमा पनि त्यसै संग्राममा शूर वीर भई पराक्रम देखाउनेहरूबाट वाभु इलाका फिर्ता लिन सकेको र वैरी पक्षलाई धपाउन सकेकोको वर्णन गरिएको पठनीय छ (**नेपालभाषाया प्राचीन काव्यया सिर्जनात्मक प्रवृति**, वि.सं २०४३, पृ. ३२८-३२९) । राजा रणजीत मल्लले त्यसै पराक्रम र खुशीयालीमा ठिमीका बालकुमारी देवी स्थानमा था पूजा उत्सव गरेका थिए । सो थापूजाका निमित्त स्थायी कोष स्वरूप गुठी नै राखेको उपर्युक्त अभिलेख ग्रन्थ वही (प्र. १६९६/१७१६, ए ६१०/२४) बाट थाहा हुन्छ ।

(७) थ्व संवत्सरस (ने.सं. ८६८/वि.सं. १८०५) ग्वर्षा गन .... क्वाथसं देशसं मी तयाव, थाना अनं चोङ भाद्रव वद्धि १५ कुन्हु यरया राजा श्रीश्री राज्यप्रकाश, काजि कालिदासया प्रज्यावस धुं संकलें ग्वषाया जुरो ॥

(८) भिन्नै हस्ताक्षरको अर्को टिप्पणी -

संवत् ८८७ आश्विनी कृष्ण चतुर्थी आदित्यवार थ्व कुन्हु यंया काजि जीवधन जोसिजु रात्रीस यरस ब्रम्हपुरीस सकल्यं सिपाहि सहितन थन बिस्य ओओ दिन ॥ यंया राजा श्री राजा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जयप्रकाशया प्रज्यावस जुरो । यरया राजा श्री तेजनलसिंह मल्ल, खपौया राजा श्रीरणजीत मल्ल जुरो ॥ प्रजा देशाल पलमान गोर्षा पुरा दु ॥

– **रामायण**, चतुर्थ. १५१०, ए. ३६०/२।

अर्थ:

(७) यस संवत्सर ८६८ तदनुसार वि.सं. १७५मा गोरखाका सिपाही सैनिक गण आई देशका क्वाठमा आगो लगाई यहीं थाना हाली बसे भाद्र कृष्ण पक्ष १५ का दिन। त्यसबेला ललितपुरका राजा श्रीश्री राज्यप्रकाश मल्ल, काजी कालिदासको पालामा गोरखा सबै सिध्याइयो ॥

(८) संवत् ८८७ तदनुसार वि.सं. १८२४ आश्वीन कृष्ण चतुर्थी आदित्यवारका दिन कान्तिपुरका काजी जीवधन जोशीजु आफ्ना सबै सिपाहीं दलबल सहित राती ललितपुरको ब्रम्हपुरीमा (ललितपुर गाबहाल टोल नजिकैको अग्निशाला र राजोपाध्याय ब्राम्हणहरूको बस्ती विशेष) भागेर आएको दिन । उस बेलाको कान्तिपुरका राजा श्री जयप्रकाश मल्लको शासन कालमा । उस बेला ललितपुरका राजा श्री तेजनरसिंह मल्ल र भक्तपुरका राजा श्री रणजीत मल्ल थिए । गोरखाका प्रजा देशाल प्रमान सबै थिए ।

टिप्पणी:

उपर्युक्त दुवै घटनावली टिप्पणी अभिलेखांशहरूबाट उसबेलाका गोरखाका राजा पृथ्वीनारायण शाहबाट नेपाल उपत्यका विजय गर्ने कदम चालिरहेका प्रयत्न देखिन्छन् । उस बेलाका ललितपुर र कान्तिपुरका तथा गोरखाका प्रजा, प्रमान एकजुट भएर आ-आफ्ना देश रक्षा गर्ने तथा आ-आफ्ना विजय अभियानमा लागिरहेका ज्ञात हुन्छ । स्मरणीय छ, ने.सं. ८८३ तिर गोरखाका राजा पृथ्वीनारायण शाहबाट नाकाबन्दी गर्दा उपत्यकामा कपास र नुन अभाव हुन गई ती वस्तु महंगो भयो । त्यसबाट उपत्यकाका प्रजालाई हाहाकार परेको घटना त्यतिबेलाको भक्तपुरको एक अज्ञात ग्रन्थकारले लेखेको **रामायण** अभिलेख ग्रन्थबाट थाहा हुन्छ (**मिडियावल नेपाल**, हेमराज शाक्य र तुलसीराम वैद्य (सम्पादक संकलक वि.सं २०२७) ।

(९) सं ८८० श्रावण वदि २ श्रीश्री जय रणजीत मल्ल देवसन ञलाया श्री २ विस्वजित मल्ल देवस्ता तेका (राज तिलक) बिया दिन घटि २५ बेङाव् घटि २७ न्ह्या ।

+ +

(१०) सं ८८० श्रावण वदि १३ ञला जुजु ञला परमानपनिसेन स्याता हुल थाङाव ।

– वही, प्र १६९६/७७०, बी ५१५/२४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अर्थः

(९) ने.सं. ८८० तदनुसार श्रावण कृष्ण ३ श्रीश्री जय रणजीत मल्ल देवले ललितपुरको श्री २ विश्वजीत मल्ल देवलाई राज तिलक लगाई दिनुभयो घडी २५-२७ बीच ।

\+ +

(१०) ने.सं. ८८० श्रावण कृष्ण १३ ललितपुरका राजालाई ललितपुरका प्रधानहरूले हूल उठेर आई हत्या गरियो ।

टिप्पणीः

यी दुई राजनैतिक घटनावली टिप्पणी अभिलेखांशहरूमा उल्लिखित संवत् तिथि मध्ये उपर्युक्त वही अभिलेख ग्रन्थमा राजा श्री विश्वजीत मल्ललाई भक्तपुरका राजा रणजीत मल्ले राज तिलक लगाई दिएको, संवत् ८८० श्रावण वदि ३ र राजा विश्वजीत मल्लको सिक्कामा दिइएको संवत् ने.सं. ८७८ देखिन आएकोले फरक देखिन्छ । ने.सं. ८७८ आश्वीन शुक्ल ९ मा उनलाई काजि भिंख्वाः र धनवन्नले राज तिलक लगाएको कुरा वंशावलीकारले उल्लेख गरेका छन् (रेग्मीः **मिडियवल नेपाल**, भाग २ पृ. ३६१) । ललितपुरका प्रधानहरू हूल उठेर आई विश्वजीत मल्लको हत्या भएको संवत् र तिथि ने.सं. ८८० श्रावण वदी १३ भने उपलब्ध ऐतिहासिक टिप्पणी अभिलेखांशहरू र वंशावलीमा मेल खान्छन् ।

(११) **संवत् ८१९ आषाढ शुक्ल सप्तम्या ह. नक्षत्र प. जोगय बुधवार थ्व कुन्हु थ्व सफुलि वण (वन) काण्ड सिधयका दिन जुरो लिखिति दुखिन वोया जुरो सुभमस्तु ॥ थ्व वण काण्ड चोया दुखिया मनस माहा दुख जुयाव दुख लुमन मोलके अर्थन चोया । छु दुख जुरो धारसा बबु भलन बियाव ताथा तलमाधि तोलस पुलको ननि छें श्री २ भूपतीन्द्र मल्ल माहाराजान दुकास्यं बिज्याङाव ङातापोल देवल दानां दुखियाता भुलाछें शिव बहाल ननिस छें पलिक बियाव थ्व छेंस् थ्वते चोन वया दुखी, स्त्री, काय्, म्ह्याय्, मुमा, बुबा, थ्वते नपं चोङाव दुषिया मनस मछुङापु जुयाव दुख रूमङाव थ्व दुख लुमन मोलके निमित्तिन श्री ३ रामायण वंण काण्ड चोयाव श्री रामया णाम (नाम) कायाव दिन हाङा जुरो राम .. राम... राम....**

श्री २ भूपतिन्द्र मल्ल देवण (न) सुख लाज्य भुतलपं बिज्यास्यं दुःखिया मनस मछुङास चित्त नसा याङाव चोयाव तया जुरो ॥

– रामायण, प्र. ३०१, बी २९५/१ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अर्थ:

ने.सं. ८१९ तदनुसार वि.सं. १७५६ आषाढ शुक्ल सप्तमी हस्त नक्षत्र परिध योग बुधवारका दिन यो ग्रन्थ वन काण्ड (लेख्न) सिद्धियो । लेखक दुखी भारो, शुभ होओस् । यो बन काण्ड दुखीको मनमा ठूलो दुःख भएर लेखेको हुँ सो दुःख सम्भन नपरोस् भनेर । के दुःख पऱ्यो भने बाबु भलले दिई गएको टौमढी टोल स्थित पुलको ननिछैं राजा श्रीश्री भूपतीन्द्र मल्ल महाराजबाट अधिग्रहण भयो । सो ठाउँमा पाँच तले मन्दिर निर्माण गर्नु भयो । दुःखीलाई भुलाछे शिव बहाल ननिको घर सट्टा भर्ना दिनुभयो । त्यस घरमा दुखी, पत्नी, छोरा, छोरी, आमा बाबु सगोल बस्न आयौं । तर दुःखीको मनमा बिरह लागि रहयो पुरानो स्ववास घरको संभनाले । त्यो विरह दुःख सम्भना नहोओस् भनेर श्री ३ रामायण वन काण्ड लेखेर (रामायणका सातै काण्ड नेपालभाषा गद्यमा लेखेका थिए) दिनं बिताएँ राम राम.

श्री श्री भूपतीन्द्र मल्ल देवले सुखपूर्वक शासन चलाइ रहेको समयमा दुःखी भारोले चित्त बुझाई रामायण लेखी राखें ।

टिप्पणीः

ने.सं. ८०१ र ८०३ तदनुसार १७३८ र १७४० वि.सं.मा भक्तपुरका चौतारा रूपमा परिचित (रेग्मी: **मिडियावल नेपाल** भाग ३, थ्यासफू ई. पृ. ८९ र ९५) व्यक्ति नै दुखी भारो हो कि जस्तो लाग्छ । राजा भूपतीन्द्र मल्लबाट पाँचतले मन्दिर निर्माणार्थ दुखिको पुर्खौली स्ववासी (तौमढी टोलको) घर अधिग्रहण हुँदा सो दुःख विरह वेदना बिर्सन सकियोस् भनेर रामायण लेख्ने दुखी भारो काव्य मर्मज्ञ बुझिन्छ । दोस्रो टिप्पणी अभिलेखांशमा ता केही अंशमा राजा भूपतीन्द्र मल्लप्रति उनले ब्याज स्तुति अलंकारयुक्त शिष्ट भाषामा आफ्नो मानसिक असन्तोष र सन्ताप पनि अभिव्यक्त गरेका छन् ।

(१२) संवत् ८७७ भाद्रपद शुक्ल एकादशी पूर्व्वाषाढा वृहस्पतिवार थ्व कुन्हु यंया श्री श्री जयप्रकाश मल्ल जुजुन कौमालि देवस्ता छे दाङाव दुतरा यज्ञ याङा येंया राज्ये दको देवी बिज्याकव खप्वया आजाजु देव म्हं ५ बिज्यातकव ञलाया छम्हां मबिज्यातकव ।

– वही, प्र १६९६/७७०, बी ५१५/२४

अर्थ:

ने.सं. ८७७ तदनुसार वि.सं १८१४ भाद्र शुक्ल एकादशी पूर्वाषाढा नक्षत्र बृहस्पतिवारका दिन कान्तिपुरका राजा श्रीश्री जयप्रकाश मल्लले कुमारी घर निर्माण गराई उपास्य कुमारी देवीलाई चढाइयो । जज्ञ गरियो । त्यस अवसरमा कान्तिपुरका सव देवदेवी निम्त्याइ स्वागत गरिए । भक्तपुरका ५ जना आजाजु देवताहरू मात्र निम्त्याइएका थिए । ललितपुरका एउटा पनि निम्त्याइएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

टिप्पणी:

उपर्युक्त टिप्पणी अभिलेखांशहरूबाट दुई थरी भिन्नै तथ्य जान्न सकिन्छ - (क) कुमारी देवीका भक्त राजा जयप्रकाश मल्लले उपास्य देवी प्रीत्यार्थ कुमारी घर निर्माण गराई चढाएको औ त्यस कुमारी घर प्रतिष्ठा अनुष्ठानकृत्य उपलक्षमा कान्तिपुरभरका सबै देवदेवी र भक्तपुरका ५ अजाजु देवहरू आमन्त्रित एवं आतिथ्य सत्कार गरिएका। (ख) त्यस समय भक्तपुर र कान्तिपुर बीच मेल सम्बन्ध कायम रहेको औ ललितपुर एक्लिएको मात्र होइन ललितपुर र कान्तिपुर बीच परस्पर वैरभावले गर्दा ज्यादै नराम्रोसंग सम्बन्ध टुटिएको देखिन्छ।

(१३) इतिश्री महारथ राजास्य ब्याख्यान परिसम्पूर्ण शुभं ॥ शुभमस्तु ॥ थ्व आषल चोयागु ॥ मगा थास ताङा ॥ उप थासयागु कति याङा ॥ भाषा हिलका चोया ॥ ओं जुयि ॥ मओं जुयि दोष माफ बिय माल ॥ ...... ॥ संवत् ९५३ मिति भाद्र वदि रोज १ आदित्यवार खु (न्हु) सिद्ध जुल ॥



लिखितं खपु देसया बसा तोलया राजेमानं सिद्धं ॥ स्वदेसया तोलया वज्राचार्य ॥ जंगनाथयाता चोस्य बिया जुल ग्वम्हस्यनं थ्व पुस्तक लोभानि पापानि यातसा पंच महापातक श्री ३ धर्म्मधातु वागेश्वर चैते बिंबयागु पुण्य फल लाभ कामना नं थ्वते महारथ ब्याख्यान कथा नेपाल वाषान (भाषान) चोस्यं तया ॥ ॥ श्रीश्रीश्री चैत्य विभु (विभूति) भगवानयाके कोति कोति नमस्काल ॥ शुभमस्तु शुभम् ॥ मिति नष्ट भाद्र सुदि १२ रोज २ या संध्या कालस भुषा बोला । थुषुन्हुया रात्रि घति १२ बिका लोहो षंवस थाङा तम्हा षप देसया भूपतीन्द्र मल्ल जुजु भुषा बोया त्वदुला कुतिं ओला चछि न्हिछिया भुषा बोयु ङय पेय ५४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

थुषुनु निस्यं न्हिन्हिछि बोयु न्हि २/३ नेपल स्वपलत्या संमन बोया चोना थ्व सफु धुङानं बोयां चोना गुलित बोयि मसिया ॥ थ्व सफु सिद्ध जुतले बोया चोना तुनि । सुभमस्तु ॥ ॥ शुभम् ॥

हनं फेर भुषा बोला ॥ घरि ४ रिं हात चोतं स्वथ बोला । स्वपया पतके छे दुङा ओना ॥ न्हस गामे धलिस भाति २ दुना छें मल्होस्यं चोने जिउगु छे देसे नपां मदया ओना षपदेसे स्वबोस छ्बो दुङा ओ छें ल्हाङा मनू नेसत्या स्वस सिक २५०/३०० ॥ यास यलास थेमिस भाति भाति जुकं दुङा ओना : छे मुदंगु धैगु मुलुके गना मदु भाति सकम्हना दुङा षप देसे नेकानं दुहां ओनां लछि लत्या मनु सुं छेस दे ओने मछाल । प्रिथिनयां कंपमान याङा बोला ॥

– महारथ राजा कथा, पं. ७५६४, ए १२२/२

अर्थ:

इतिश्री महारथ राजाको कथा सम्पूर्ण ॥ शुभ ॥ कल्याण होओस् ॥ यी अक्षर लेख्ता कहिं कतै नपुगेको थपी बढी भएको घटाई भाषान्तर गरी लेखें । ठीक, बेठीक होला । दोष माफ गर्नु होला । संवत् ९५३ तदनुसार वि.सं. १८९० भाद्र कृष्ण रोज १ आदित्यवारका दिन सिद्धियो ।

भक्तपुर देशको बसा टोल (वंशगोपाल टोल?) का राजेमानले लेखी सिध्याएँ । आफ्नो देश आफ्नै टोलको वज्राचार्य (?) ॥ जंगनाथलाई लेखी दिएँ । जसले यो पुस्तक लोमानी पापानी गर्छ पंच महापाप लाग्ला । श्री ३ स्वयम्भू धर्मधातु वागीश्वर चैत्य बिम्बको पुण्य फल पाउने कामनाले यस **महारथ महासत्व कथा** लेखिराखें ।

श्रीश्रीश्री चैत्य विभूति भगवानमा कोटीकोटी नमस्कार गर्छु । शुभकल्याण होओस् । मिति नष्ट भाद्र शुक्ल १२ रोज २ को साँझपख भुइँचालो गयो । त्यस रातको १२ औं घडी बितेपछि शिलास्तम्भ माथि स्थापना गरिराखेको भक्तपुरका राजा भूपतीन्द्र मल्लको सालीक भुइँचालोले भाँचियो र जल खस्यो । दिन रातभर २/३ पल्ट त्यसदिनदेखिं भुइँचालो गइरह्यो । यो कथा लेखिसकेपछि पनि भुइँचालो गइ नै रह्यो कतिञ्जेल सम्म गइ रहला थाहा छैन । यो पुस्तक लेखेको सिद्धिने बेलासम्म पनि भूकम्पन हुँदै रह्यो । शुभ होओस् । शुभम् ॥

फेरि पनि भूकम्प गयो । घडी ४ पछि आज हल्लिए । तीन पल्ट भूकम्पन भयो । तेस्रो पटकमा त घरहरू भत्कन लागे । सात गाउँहरू मध्येमा धुलिखेलमा अलि अलि घर भत्के । देशभर नै मर्मत नगरिकन बस्न हुने घर कहिं रहेन । भक्तपुरमा तीन खण्डको एक खण्ड घर भत्के । घरले किचेर २५०/३०० जना जति मानिस मरे । काठमाडौं, ललितपुर र ठिमीमा केही केही मात्र घर भत्के । मुलुकभरमा भनेजसो नभत्केको घर कतै भएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अलि अलि सबै ठाउँमा घर भत्के। भक्तपुरमा ता महिना डेढ महिना पछि सम्म पनि आ-आफ्नो घरमा कसैले पनि सुत्न जान आँट्न सकेन। पृथ्वीभरै कम्पायमान भए सरि भुइँचालो गयो।

टिप्पणी:

उपर्युक्त प्राकृतिक दैवी घटनावली टिप्पणी अभिलेखांशबाट वि.सं. १८९० अर्थात् आजभन्दा १६७ वर्ष अघिको नेपालको महाभूकम्पको एक प्रत्यक्षदर्शीको वर्णन र अनुभव थाहा हुन आएको छ। यो दुर्लभ प्रत्यक्ष वर्णनमा भक्तपुरका तत्कालीन एक ग्रन्थकारले महारथ महासत्व शीर्षकको बौद्ध जातक कथा नेपालभाषामा लेख्न बसिरहँदा रहँदैको क्षण भुइँचालो जाँदाको वयान गरिएको छ। वि.सं. १९९० को महाभूकम्पबारेमा ता ब्रम्हसंसेरको पुस्तकै छ, गोरखापत्र जस्ता समाचार पत्र र अन्य स्रोत सामग्रीबाट थाहा पाएका छौं। प्रस्तुत लेखक ग्रन्थकार धैर्यशाली र लगनशील देखिन्छ। बारंबार भूकम्पन भइरहेको बेलामा पनि कथाग्रन्थ लेख्न तल्लीन भइरहेको तथा भुइँचालो जाँदाको बखतको वातावरण र भूकम्पन स्थितिप्रति पनि केही केही सजग देखिन्छ। भुइँचालोको त्यस्तो विधिको संकट र सन्त्रासको बेलामा प्रस्तुत लेखकले जहान परिवार छर छिमेकी देशवासीका स्थिति बारेमा मौन रहनु आश्चर्य लाग्दो छ; कसो कसो लाग्छ। जन धनको क्षति भक्तपुर, ठिमी, काठमाडौं, ललितपुर र सात गाउँ मध्ये धुलिखेलको केही मात्र दिएको छ। यो ग्रन्थकार आफै गई कतै हेर्न गए जस्तो लाग्दैन। कसै कसैले ल्याएको खवर संचार सुनेर जन धन क्षतिको आँकडा दिएको जस्तो लाग्छ।

प्रस्तुत लेखक त्यस्तो दैवी प्राकृतिक संकट दुर्घटनाको बेलामा ज्यादा त्रस्त, दुःखित र विचलित भइरहनुको साटो श्रीश्री स्वयम्भू चैत्य वागीश्वर धर्मधातुको विम्व विभूबाट संरक्षण गरिएको अनुभव गरी त्यो संकटको घडीमा पनि लोकको संरक्षण होओस् भन्ने कामनाका साथ कथा ग्रन्थ लेख्नमा तल्लीन भइरहेको देखिन्छ। त्यो उनको आफ्नै आराध्यप्रति र कुल धर्म प्रतिको दृढ आस्था र विश्वास हो।

नेपालभाषाका धेरैजसो ग्रन्थकारहरू र लिपिकारहरूले आ-आफूले लेखेका ग्रन्थकीर्तिमा अभिलेखमा दूरर्शीतापूर्वक ऐतिहासिक महत्ता भएका यस्ता समसामयिक घटनावली तत्काल लिपिबद्ध गरेर ठूला गुण लाएका छन्। ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पनौती इन्द्रेश्वर मन्दिरस्थानको ने.सं. ७५९ को नरेश मल्लको पालाको स्वर्णपत्र

✍ डा. पुरूषोत्तमलोचन श्रेष्ठ

भक्तपुर वोलाछेँटोलको जंगममठमा अनेककालका केही अभिलेख छन् । ती अभिलेख मध्ये एउटा यो स्वर्णपत्र पनि हो । तात्कालिक केही कुरा बुझ्न उपयोगी देखिएको हुँदा पाठकसामु प्रस्तुत गरेको छु ।

तामधातुको पातामा स्वर्ण जलप लगाइएको, ३१/३ अंगुल चौडा, १४ अंगुल लामो अनि अहिले टुक्रिएको अवस्थामा (बीचको भाग) पाइएको यो स्वर्णपत्र पहिले पनौतीस्थित इन्द्रेश्वर महादेव मन्दिरस्थानमा रहेको थियो । अहिले जंगममठमा छ । ❑

मूलपाठ

१. ॐ सम्वत् ७५९ माघ शुक्ल चतुर्थी उत्तर भद्रनक्षत्र, साघ्ययोग, सोमवार, कुंभ संक्रान्ति कोन्हु

२. श्रीश्री जयनरेशमल्लदेव महाराजाधिराज रिपुकुल दावानल सत्कीर्ति प्रतापाक्रान्त भू -

---

❑ सो मठका मठपति श्री राममणि जंगमका अनुसार केही दशक अघि योगी नरहरिनाथज्यूले सो स्वर्णपत्र पनौती इन्द्रेश्वर मन्दिरस्थानबाट यस मठमा ल्याउनु भएको थियो । स्मरण रहोस् पनौती इन्द्रेश्वर मन्दिर पनि जंगममठ संचालित छ । जंगममठमा ल्याएको केही समयसम्म यो स्वर्णपत्र हराउन पुगेछ । पछि बारी खन्दा यसरी टुक्रिएको अवस्थामा फेला परेको थियो । यो अभिलेख देखाइदिनुभएकोमा मठपतिज्यूप्रति आभारी छु ।

स्मरण रहोस् । ऐतिहासिक पुरातात्त्विक महत्त्वका मूलसामग्री आफ्नो मौलिक मूल स्थानमा रहँदासम्मन् त्यसको महत्त्व जति रहन्छ, उति नै विस्थापनपश्चात् रहँदैन । मूलस्थानको ऐतिहासिक महत्त्व र ब्याख्या विलुप्त हुनसक्छ; भ्रमपूर्ण र गलतब्याख्याले बढ्ता स्थान पाउने हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३. मण्डलनेपालमण्डलेश्वरस्त, विजयराज्य पुण्यावतीस टकलभाजु प्रमाणवेलस, श्रीश्रीश्री -

४. इन्द्रेश्वरभ्य यंभू महादेव प्रा (प्री) ति निमित्तिन, खप्वंया चैत्रकार, कृष्णरामन पश्चिमद्वार दक्षिणद्वार -

५. स सिंह तया जुरों ॥ इन्द्रेश्वर महादेव, चर्तुर्ब्वर्ग्ग प्रभ प्रभो । मांसमुद्धरदेवेश, शिवतुभ्यं नमोनमः ॥

व्याख्या

तात्कालिक भक्तपुर राज्यका राजा नरेशमल्लका पालामा भक्तपुरका एक शैवानुयायी 'चैत्रकार' कृष्णरामले ने.सं. ७५९ (वि.सं. १६९६) मा पनौतीको इन्द्रेश्वर महादेव मन्दिरको पश्चिमद्वार दक्षिणद्वारमा सिंह (प्रस्तरनिर्मित) राख्न लगाएका थिए भन्ने कुरा यस अभिलेखबाट ज्ञान हुन आएको छ । ती सिंहहरू अहिले पनि आफ्नो मूलस्थानमै देखापर्छन् ।

पनौतीको प्राचीन नाम पुण्यवती वा पुण्यमती वा पूर्णमती हो । पुण्यवती नदीको किनारामा बसेको बस्ती हुनाले यसै नाम-प्रभाव विशेषताका आधारमा पुण्यवती पनौती नाम प्रचलित रहेको ज्ञात हुन्छ । ◗

'पूर्णमती' (पुण्यवती>पनौती) को उल्लेख लिच्छविकालका अभिलेखमा पाइएको छैन तापनि यस भेकमा आवाद रहेको वस्ती प्राचीन कालमा पनि प्रसिद्ध थियो । शैवहरूको एक मुख्य धार्मिक तीर्थस्थलको रूपमा पनि रहेको थियो । ❉ भन्ने कुरा खोपासीको शिवदेव+अंशुवर्माको अभिलेखबाट दृष्टिगोचर हुन्छ । ☐

◗ विचारणीय कुरो के छ भने पनौती शहर पुण्यवती नदी मात्र नभएर रोसी खोलाको किनारामा पनि बसेको छ । यी दुई नदीको संगम भएर बग्ने खोला 'रोसी खोला' नामले प्रसिद्ध छ तापनि बस्तीको नामाकरणमा पुण्यवतीकै प्रभाव परेको छ; जसरी वागमती र मणिमती (मनोहरा) मिसिएर बग्ने नदी 'बागमती' नामले प्रसिद्ध छ तापनि ललितपुर-बस्तीको प्राचीन नामाकरणमा (मणिगल) मणिमतीकै प्रभाव परेको छ । मणिगल, मणिचूड, मणिगणेस, मणिमण्डप आदि उदाहरणका रूपमा देखापर्छन् ।

- मौलिक विचार साभार - हरिराम जोशी

❉ खोपासीको शिवदेव+अंशुवर्माको अभिलेख र सो अभिलेखमा वर्णित 'द्वारोद्घाटन कैलाश... यात्रा' तथा अहिलेसम्मन् चल्दै आएका शैवजात्रा आदि उदाहरणका रूपमा देखापर्छन् ।

☐ धनवज्र बज्राचार्य, लिच्छविकालका अभिलेख, काठमाडौं, नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०३०, पृ. २७४-७५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हालसम्मका उपलब्ध प्रमाणमध्ये 'पूर्णमती' को सर्वप्राचीन उल्लेख ने.सं. ५१६ (वि.सं. १४५२) को एक हस्तलिखित ग्रन्थ 'दशकर्मपद्धति' को अन्तवाक्यमा परेको छ। ▼ त्यस्तै ने.सं. ५२१ (वि.सं. १४५८) को इन्द्रेश्वर मन्दिरको स्वर्णपत्रमा 'पूर्णवती' उल्लेख भएको छ। ▮ अहिले फेला परेको नरेशमल्लको पालाको स्वर्णपत्रमा 'पूण्यावती' व्यवहृत भएको छ। यसप्रकार यी प्रमाणका आधारमा पूर्व मध्यकालतिर र त्यसपछिका समयमा पनि पूर्णमती>पुण्यवती नाम लोकजीवनमा प्रचलित रहँदै आएको थियो; तात्कालिक 'नेपाल मण्डल' मा यो (पनौती) एक रमणीय बस्ती वा स्थानको रूपमा प्रख्यात थियो ◆ भन्ने कुरा थाहा हुन्छ।

तत्कालीन भक्तपुर राज्य अन्तर्गतका सात ग्राम प्रदेश * मध्येको एक ग्राम पनौती पनि हो। यहाँ पूण्यावतीको अधिल्तिर जोडिएको 'विजयराज्य'ले पनि सोही कुराको स्मरण गराउँछ।

अनेककालका शासकवर्गले लिने गरेका राजप्रशस्तिमा तात्कालिक राजनैतिक, धार्मिक-सांस्कृतिक, सर्वोच्चताको भावना आदि पक्षले पनि विशेष रूपमा प्रभावित पारेको हुन्छ। सोही प्रभाव यस अभिलेखमा वर्णित नरेशमल्लको प्रशस्तिमा पनि दृष्टिगोचर हुन्छ। ❑

▼ "संवत् ५१६ कार्त्तिक शुक्ल दिवाष्टम्यायां तिथौ ..... श्रीश्री महाराजाधिराज परमेश्वरपरम भटारक श्री जयसिंहरामब्रधनेन प्रतिपालिक राजे। श्री पूर्ण्णमतिदेशे श्रीश्री इन्द्रेश्वर भट्टारिक स्थाने लिखित मिदं शास्त्र ॥" लुसियानो पेटेक, हिस्ट्री अफ नेपाल, रोम, इन्सटिच्यूट इटालिया फर मेडियो एण्ड एस्ट्रियो ओरियन्ट, इ.सं १९५८, पृ. १४८

▮ "एषा पुण्यवती रम्या ख्याता नेपाल मण्डले। यत्रास्ते भगवान्देवः श्रीमानिन्द्रेश्वर शिवः॥ .... श्रीश्री इन्द्रेश्वर सदाशिव भट्टारक...." - योगेशराज (सं.), पन्तिया अभिलेख, पन्ति, नसंचा पुचः, ने.सं. ११२०, पृ. ३-५, संख्या ४

◆ सांस्कृतिक+प्राकृतिक सम्पदाले धनी यो सम्पदा-सहर सोही कारण अहिले पनि उत्तिकै रमणीय र प्रख्यात छ

* सांगा+सांगा भञ्ज्याङ् बाहिरका सात गाउँ - १. सांगा, २. नाला, ३. वनेपा, ४. पनौती, ५. धुलिखेल, ६. चौकोट र ७. श्रीखण्डपुर (मल्लकालमा यी सात गाउँको मूल मुकाम वा राजधानी वनेपा रहेको जानिन्छ)

❑ यिनका पालामा विशेषगरी कान्तिपुरसित बढ्ता राजनैतिक हानथाप चलेको देखिन्छ। आफूलाई सर्वोत्कृष्ट सूरवीर राजाको रूपमा दर्शाउन यिनले 'रिपुकल दावानल सत्कीर्त्ति प्रतापाक्रान्त भूमण्डल नेपाल मण्डलेश्वर' को रूपमा प्रस्तुत गरे। तर उनका समकालिक कान्तिपुरका राजाहरू (लक्ष्मीनरसिंह मल्ल र प्रताप मल्ल) मध्ये आफूलाई 'नेपालेश्वर' नरेशमल्लनृपति' भनेर होच्याई फूर्ति झारिदिएका थिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पनौतीको प्रसिद्ध इन्द्रेश्वर महादेव कस्ले र कहिले स्थापना गरेका हुन् भन्ने बारेमा प्रकाश पार्ने ठोस प्रमाण हालसम्म पनि उपलब्ध छैन। लिच्छविकालका अहिलेसम्म्का उपलब्ध कुनै अभिलेखमा पनि यसको उल्लेख परेको छैन। तर पूर्वमध्यकालका उपलब्ध प्रमाणमध्ये स्थितिमल्लका पालाका शक्तिशाली भारादार जयसिंहरामले यसै देउतालाई ने.सं. ५०३ (वि.सं. १४३९) मा 'चुलका' चढाएको सन्दर्भमा सर्वप्रथम यसको उल्लेख गोपालराज वंशावलीमा ❐ र त्यसपछिका अन्य ऐतिहासिक सामग्रीहरूमा पनि परेको देखिन आएको छ।+ यताबाट विक्रमको पन्ध्रौं शताब्दीको मध्यतिर 'इन्द्रेश्वर' प्रख्यात भइसकेको थियो भन्ने कुरा ज्ञान हुन आएको परिप्रेक्षमा कम्तिमा पनि सो समयभन्दा अघि र लिच्छविकालपछिको समयतिर स्थापना भइसकेको थियो भन्ने कुराको प्रामाणिक संकेत पाइन्छ।

पुण्यवृद्धि एवं चिरस्मृतिका अभिप्रायले 'आफू वा आफ्ना अति निकट आफन्तका नाममा शिवलिङ्गको नामाकरण गरी स्थापना गर्ने चलन प्राचीनकालदेखि नै प्रचलित रहँदै आएको पाइन्छ। मानेश्वर, रविश्वर, शुभेश्वर, भद्रेश्वर, अनुपरमेश्वर, रत्नेश्वर, जयश्वर, शूरभोगेश्वर - (लिच्छविकाल), यक्षेश्वर, भूपतेश्वर, (मल्लकाल) आदि अनेक नामका शिवलिङ्गहरू उदाहरण स्वरूप छन्। यसप्रकार यी उदाहरण प्रमाणका आधारमा पनौतीको इन्द्रेश्वर मन्दिर पनि 'इन्द्र' नामका कोही एक शैवानुयायीको नाममा स्थापना गरिएको थियो भन्ने कुरा दृष्टिगत हुन्छ। माथिका प्रमाणबाट विक्रमको पन्ध्रौं शताब्दी पूर्व नै इन्द्रेश्वरको स्थापना भइसकेको थियो भन्ने कुरा ज्ञान हुन आएको परिप्रेक्षमा सो समय अघिका एक परमशैव राजा इन्द्रदेव● (वि.स.

❐ क. "सम्वत् ५०३ भ्वन्त जयसिंहराम महाथसन .... एन्देस्वरया चुलका छाया......." धनवज्र बज्राचार्य, कमलप्रकाश मल्ल, दि गोपालराजवंशावली, काठमाडौः नेपाल रिसर्च सेन्टर, इ.सं. १९८५, पत्र २९ख, ख. "स ५०३ फाल्गुण .... संदेश्वर गण्ठिया चूलका थापन याङन...." ऐजन, पत्र ६१क

+ क. पेठेक, पूर्ववत, संख्या ५, पृ. १४८, ख. योगेशराज, पूर्ववत, संख्या ६, पृ. ४-५

● मध्यकालमा शैवधर्मको राजकीयस्तरमै प्रचार-प्रसारको दृष्टिले यिनको शासनकाल पनि उल्लेख्य रहको कुरा सम्वद्ध ऐतिहासिक सामग्रीका आधारमा थाहा पाइन्छ। शैव धर्मको प्रचार एवं प्रभावका कारण यिनले शैव धर्म+दीक्षा ग्रहण गरेको हुँदा 'परमशैव' कहलिएका थिए। ने.सं. २५४ (वि.सं. ११९१) को चान्द्रव्याकरणवृत्ति ग्रन्थको पुष्पिका वाक्यमा उनलाई 'श्रीमत्राजाधिराज परमेश्वर परमभट्टारक परमशैव श्री इन्द्रदेव...." भनिएको छ।

क. पेटेक, पूर्ववत्, संख्या ५, पृ. ५९, ख. हरिराम जोशी (सं.) मेडिभल कोलोफन्स, ललितपुर, जोशी रिसर्च इन्स्टिच्यूट, ई.सं. १९९१, संख्या ८८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मूलस्थान पनौती इन्द्रेश्वर महादेवमन्दिर स्थानबाट स्थानान्तरित भई भक्तपुर जंगममठमा विस्थापित हुन पुगेको नरेशमल्लको पालाको ने.सं. ७५९ को खण्डित् अवस्थाको स्वर्णपत्र

११८१-१३) को नाम* यसै नाम-विशेषताका आधारमा यहाँनिर ट्वाक्कै मिल्न आएको छ। विचारणीय कुरो के छ भने कुनै उत्कृष्ट कृति निर्माण गर्दा त्यस्को नामाकरण आफ्नो नामबाट गर्न रूचाउने ⁂ यी राजा इन्द्रदेवले सोही अनुरूप पनौतीमा शिव मन्दिर स्थापना गरी त्यसको 'इन्द्रेश्वर' नाम राख्न लगाएका थिए भन्ने कुरा दृष्टिगोचर हुन्छ। ▲ यसरी विक्रमको बाह्रौं शताब्दीको उत्तरार्द्धतिर स्थापित यस मन्दिरको प्रसिद्धि अनवरत् रूपमा बढ्दै गएको थियो ; ✏ तथा अनेक वस्तु चढाइ, बनाइ भक्तिभाव अर्पित गर्ने चलन पछिसम्मन् पनि चलेर आएको थियो भन्ने कुरा यस अभिलेखबाट पनि थाहा पाइन्छ।

---

* यिनको अर्को नाम महेन्द्रदेव (जन्म- ने.सं. ९९९) हो। यो कुरा यस विषयका स्रोत सामग्रीको तुलनात्मक अध्ययनबाट थाहा हुन्छ।

⁂ भक्तपुर शहरको पश्चिम भागमा अवस्थित प्रसिद्ध वृहत् पुष्पकरणी 'सिद्धपोखरी' को सर्वप्राचीन नाम 'महेन्द्रसर' वा 'मदनसर' हो; युवराज छँदै बनाउन लगाएको त्यस पोखरी (ने.सं. २३९) को नाम उनले आफ्नो नामबाट राखे भन्ने कुरा गोपालराजवंशावलीका पत्र '२४ख' '३१क'+स्थलगत अन्वेषणका आधारमा खुल्न आएको छ।

▲ गोपालराजवंशावलीका पत्र २६ख, ३७क मा "जीराजिनी श्री विरमदेवीना कृ(व्य) एन्द्रकुट सम्वच्छर चारिसय चवुद्रह। वैशाखमासः तस्य पुत्र श्री जयशक्तिदेवेनः एन्द्रकुट ध्वजामारोहनम्।" भनी लेखिएको छ। यसै प्रमाणका आधारमा इतिहासकार श्री ज्ञानमणि नेपालज्यूले - नेपालको पूर्वमध्यकालको इतिहास (कीर्तिपुर, नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०५४) को पृष्ठ १४८ मा "विरम्मादेवीको मुख्य धार्मिक काम पनौतीमा इन्द्रेश्वर मन्दिरको स्थापना थियो। वि.सं. १३५१ को वैशाखमा अत्यन्त कलापूर्ण सुन्दर मन्दिरको गजुर स्थापित भयो।" भनी उल्लेख गर्नु भएको छ। तर यस सन्दर्भमा विचारणीय कुरा के छ भने हालसम्मनका उपलब्धि सबैं प्रमाणमा पनौतीका इन्द्रेश्वरलाई कतैपनि 'एन्द्रकुट' भनिएको छैन 'एन्देश्वर' वा इन्द्रेश्वर नै भनिएको छ। लोकजीवनमा पनि यही नाम चलेर आएको पाइन्छ। यतावाट एन्द्रकुट र 'एन्देश्वर' मा अन्तर रहेको जानिन्छ। गोपालराजवंशावलीमा एन्द्र वा एन्द (इन्द्र) का पछिल्तिर र जोडिएका 'कुट' र 'स्वर' (श्वर) मा वेग्लावेग्लै अर्थ देखा पर्छन्। यतावाट विरम्मादेवीले बनाएको 'एन्द्रकुट' पनौतीका 'एन्द्श्वर' महादेव होइन भन्ने कुरा दृष्टिगत हुन्छ। केशर वंशावलीको १०-११ पत्रमा विरमदेवीले 'चांगु देवालय' को साथै 'इन्द्रकुट' पुनः प्रतिष्ठा गरेको कुरा परेको छ (वज्राचार्य, मल्ल, पूर्ववत्, संख्या १० क); यस प्रमाणका आधारमा इन्द्रकुटकै स्थापना पनि विरमदेवीको समयअघि नै भइसकेको थियो भन्ने कुरा ज्ञात हुन्छ।

✏ धार्मिक दृष्टिले उत्तर प्रयागकै रूपमा प्रसिद्ध रहँदै आएको पनौती तीर्थस्थलका इन्द्रेश्वर महादेव चौसठ्ठी शिवलिङ्ग मध्यका एक शिवलिङ्गको रूपमा पनि प्रख्यात छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चण्डेश्वरी देवी : एक अध्ययन

✍ *विष्णुकान्त शर्मा*

नेपाल अधिराज्य विश्वभरका हिन्दूहरूको एक मात्र पावन तीर्थस्थल हो। यहाँ शिव, विष्णु, बुद्ध, सूर्य, गणेश आदि देवताहरू देखि लिएर देवी-भगवती सम्मका लाखौं मठ-मन्दिरहरू चारैतिर छरिएको देख्न सकिन्छ। त्यसैले नेपाललाई 'देवतै देवता र मन्दिरै-मन्दिरको देश' पनि भनिन्छ। यस्तो देशमा देवी-भगवतीका सम्पूर्ण स्वरूपको कतै न कतै कहीं न कहीं पवित्र तीर्थस्थल हुनु कुनै आश्चर्यको कुरा भएन। यसै अनुरूप भगवतीका अनेकौं स्वरूप मध्ये एक "चण्डेश्वरी" रूपको पनि तीर्थस्थल हुनु स्वाभाविकै हो।

मातृ शक्तिका विभिन्न रूप मध्ये एउटा स्वरूप देवी चण्डेश्वरी भएकीले उनको चर्चा गर्नु पूर्व धार्मिक मान्यता अनुसार मातृशक्तिको उत्पत्ति बारे सामान्य अवलोकन निम्न अनुसार गरिन्छः-

(क) ब्रम्हाज़ीको वरदान अनुसार स्त्री जातिले मात्र मार्न सक्ने वरदान पाएको महिषासुरको अत्याचार ज्यादै नै बढेपछि महादेव, ब्रम्हाजी, इन्द्रादि देवताहरू सबै बैकुण्ठधाममा गै विष्णुसंग परामर्श गर्न थाले। विष्णुले सबै देवताहरूको सम्मिलित तेजपून्जबाट एउटी अपूर्व वीर सुन्दरी उत्पन्न गराएर तिनैद्वारा महिषासुरको वध गर्न सकिने उपाय बताएपछि सम्पूर्ण देवताका शरीरबाट अत्यन्त देदीप्यमान र प्रज्वलित तेजपून्ज निस्कियो र सबै देवताहरूका शरीरबाट निस्किएको तेजपून्ज एक भै हिमालय जस्तो विशाल तेजपून्जमा परिणत भयो। यतिकैमा त्यो तेजपून्ज एउटी अपूर्व सुन्दरी नारी रूपमा परिणत भयो। सबै देवताहरूका तेजवाट उत्पन्न भएकी यिनी त्रिगुणात्मिका, त्रिवर्णा र अत्यन्त सुन्दरी स्त्री साक्षात् महालक्ष्मी थिईन्। यसरी सबै देवताहरूको शक्तिबाट उत्पन्न भएकी अठारहात भएकी सिंह माथि आरूढ मातृशक्तिलाई देखेर सबै देवताहरू छक्क परे। यस्ती देवीलाई मोहग्रचण्डा या महाउग्रचण्डी पनि भनिन्छ र यिनको १८ हातमा निम्न आयुधहरू छन् भनिन्छ - दायाँ तर्फका हातमा माथिदेखि तल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

खड्ग (विजय शक्ति), वाण (पापमोचन शक्ति), चक्र (विश्वचक्र स्वरूपिणी), बज्र (विद्युत शक्ति), अंकुश (स्तम्भन शक्ति), डमरू (प्रतिध्वनि), त्रिशुल (त्रिविद्योत्पादक नासिनी शक्ति), वरदभुद्रा (अभिष्ट सिद्धि), कपालपात्र (सत्यगुणात्मिका)। यसै गरी वायाँ तर्फका हातमा माथिबाट तल ढाल (रक्षा), धनुष (ज्ञान), गदा (वैराग्य), घण्टा (नाद), पाश (वशीकरण शक्ति), तर्जनीमुद्रा (सावधानी), खटवाङ्ग (पत्रयनासिनी शक्ति), केशपाश (प्रपञ्चेश्वरी शक्ति) र विन्दु मुद्रा (अमृत रूपिणी)।

यसरी उत्पत्ति भएकी मातृ शक्तिबाट महिषासुर दानवको अन्त्य भएकोले यिनलाई महिषासुर मर्दिनीपनि भनिन्छ।

(ख) महिषासुरको संहारपछि दुष्टात्माको प्रतिक स्वरूप दैत्यराज शुम्भ-निशुम्भको प्रार्दुभाव भयो। यस्ता दैत्यहरूबाट देवताहरूको रक्षार्थ पुनः देवी भगवातीका शरीरबाट अम्बिका देवी प्रकट भईन्। यिनै देवी कौशिवीका नामले प्रख्यात भईन्। यी देवी भगवतीका शरीरबाट उत्पन्न हुने बित्तिकै कालो वर्णमा परिणत भएकीले यिनलाई 'कालिका' पनि भन्न थालियो। यस्ती देवीको वर्णन सुनेर शुम्भ-निशुम्भले तिनलाई आफ्नो दरवारमा ल्याओ भनि चण्ड र मुण्डलाई विशाल सेना सहित पठायो। चण्ड मुण्डले शुरू शुरूमा देवीलाई मिठा-मिठा कुरा गरेर शुम्भ-निशुम्भसंग विवाह गर्नका लागि अनुनय-विनय गर्न लागे र अन्तमा केही नलागेपछि दैत्यहरू रिसाई युद्ध गर्न थाले तव देवी पनि रिसाईन र यसले गर्दा देवीको निधारबाट काली पैदा भईन्। बाघको छाला पहिरिएकी, हात्तीको छाला ओढेकी, गलामा मुण्डमाला भिरेकी, पेट सुकेको पोखरी जस्तो विशाल भएकी, डरलाग्दो आकृति भएकी, हातमा पाश र खटवाङ्ग लिएकी थिईन्। यस्ती कालीसंग चण्ड मुण्ड युद्ध गर्न थाले। अन्तमा कालीले दुवै दैत्यलाई पाशले बाँधेर देवी कालिका समक्ष पेश गरिन् र उनै देवीको आज्ञाले कालीले यी दुवै दैत्यको आफ्ना तरवारले शिर छेदन गरि दिईन्। यसरी चण्ड मुण्ड दैत्यको नाश भएको देखि अम्बिकाले कालीलाई सम्बोधन गर्दै भनिन् - "तिमीले यिनीहरूलाई मारेर देवताहरूको ठूलो काम गर्‍यौं। तसर्थ म तिमीलाई यो वरदान दिन्छु, हे कालिके ! तिमीले चण्ड मुण्डलाई वध गर्‍यौ, तसर्थ अव उप्रान्त तिम्रो नाम संसारमा चामुण्डा नामले विख्यात हुनेछ।" यसरी चामुण्डा या चण्डेश्वरी देवीको उत्पत्ति भएको देखिन्छ।

'(ग) स्कन्दपुराण हिमवत् खण्डको नेपाल महात्म्य अनुसार भगवान् शिवबाट कुनै पनि पुरूषले वध गर्न नसक्ने वरदान प्राप्त गरेका दानवराज चण्डासुरले स्वर्ग विजय गरेपछि देवताहरू रक्तचन्दन वनमा लुक्न आई देवी भगवतीको आराधना गरिरहेका थिए। यो कुरा थाहा पाएर चण्डासुर दैत्य देवताहरूलाई दुःख दिन भनि उक्त वनमा आयो र देवताहरू रक्तचन्दन वनको चाँपको रूखमा विलीन हुन पुगे। त्यो देखि उक्त दैत्यले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रूखमा आफ्नो खड्ग प्रहार गऱ्यो । त्यसरी खड्ग प्रहारबाट काटिएको रूखबाट देवताहरू चराको रूप धारण गरी आकाशमा उडेर गए भने त्यस रूखबाट देवी प्रकट भै चण्डासुरको वध गरिन् । यसरी चण्डासुर दैत्यको वध गरेकीले देवी चामुण्डाको नाम "चण्डेश्वरी" रहन गयो ।

प्राग् ऐतिहासिक, ऐतिहासिक एवं पुरातात्त्विक स्रोतहरूको आधारमा मातृ शक्तिको उत्पत्ति सम्बन्धमा निम्न तथ्यहरू देखा पर्दछन् -

विश्व इतिहासमा मातृ शक्ति पूजाको शुरूवात इ.पू. २००० भन्दा अधिदेखि भएको मानिएको छ । प्राग् ऐतिहासिक अज्ञात कलाकारहरूले गृहकलाको माध्यमबाट मातृशक्ति स्वरूप प्रजनन्की देवीका मूर्तिहरू हस्तिहाडमा कुँदेर सौन्दर्य र शक्तिकी देवीका आकार-प्रकार तयार गरेको पाइन्छ । पश्चिम युरोपमा अरिग्नासियन चित्रकला तथा मूर्तिकलामा आकार दिइएका प्राग् ऐतिहासिक नारी स्वरूपलाई भेनसको नाम दिइएको छ । तात्कालीन नारी स्वरूपमा फुकेको पेट अथवा गर्भिणी नारीको स्वरूपलाई नै मातृ देवी अथवा भेनसको मूर्ति मानिएको पाइन्छ । त्यस्ता मूर्तिहरूमा माल्टाको भेनस, व्रसिभ्म्वोय्को भेनस, प्रेडमोसको भेनस मूर्तिले मातृशक्ति अथवा प्रजनन्की देवीको आराधनाको प्राग् ऐतिहासिक प्रमाण दिन्छन् ।

वैदिक संस्कृति अनुसार हेर्ने हो भने पनि मातृशक्तिको सम्मान गरेका थुप्रै उदाहरण छन् । ऋग्वेदका संहिताहरूमा 'स्त्री नै घर हो' भनेको पाईन्छ । यसै गरी यस कालका उषाशूक्त, गायत्रीशूक्त, नदीशूक्त आदिलाई लिन सकिन्छ । साथै वाक्देवीको उल्लेख गरेर देवी सरस्वतीको चर्चा, सौभाग्यकी देवी लक्ष्मीको चर्चा, कतै 'साम्राज्ञी' भनि नारीको चर्चा त कतै कल्याणी भनि चर्चा त कतै 'वीरस्' भनि नारीको चर्चा गरेको पाईन्छ । यी सब चर्चाको सार चाहिं मातृ शक्तिको अस्तित्वलाई स्वीकार्नुमा छ भन्न सकिन्छ ।

यसैगरी पौराणिक कालमा आएर असुर नासिनी दुर्गा महाकाली, समस्त प्राणीलाई योगनिन्द्रामा लिप्त गर्न सक्ने "माया" सबैको कामना पुरा गर्न सक्ने 'भद्रकाली' आदि नामले पूजनीय मानेको देखिन्छ । वामनपुराण, पद्मपुराण, वराहपुराण, विष्णु धर्मोत्तरपुराण, अंशुमद्भेदागम, शुप्रमद्भेदागम जस्ता पुराण र तन्त्रका ग्रन्थहरूमा नारी मूर्ति स्वरूपिणी देवीलाई विष्णुकी शक्ति वैष्णवीले असुर नाश गर्न दुर्गा-कालीको स्वरूप लिएको, कात्यायनीले चण्ड-मुण्ड र असुर नाश गरेर चामुण्डा रूप लिएको उल्लेख छ ।

यसैका विभिन्न स्वरूप भेद, उपभेद, उपज स्वरूप क) सप्तमातृका, ख) अष्टमातृका, ग) दश महाविद्या, घ) नवगौरी, नवदुर्गा आदि देवी शक्तिको उपासना गरिएको पाइन्छ ।

यसपछि पुरातात्त्विक प्रमाणका आधारमा हेर्ने हो भने नार्गाजुनकोण्डा अभिलेख तथा वि.सं. ४८० को गंगधर शिलालेख तथा गुप्तकालीन विहार शिलास्तम्भ अभिलेखले पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मातृकाको उल्लेख गरेको देखिन्छ । नार्गाजुनकोण्डा अभिलेखमा पंच मातृकाको रूपमा पाँच बौद्ध निकाय ग्रन्थहरूलाई लिएको पाईन्छ। बौद्ध ग्रन्थ सुत्तपीटकका ५ निकायहरूमा दीर्घ-निकाय, मज्झिमनिकाय, संयुक्त-निकाय, अङ्गुत्तर-निकाय र सुद्दक-निकाय पर्दछन् ।

यसैगरी बौद्ध धर्मावलम्बी तिब्बतीहरू देवी "एक जटी" लाई चामुण्डाको रूपमा मान्दछन् । तिनीहरूको धार्मिक विश्वासअनुसार निलो रङ्गकी, ध्यान मुद्रामा रहेकी, यी देवीको एउटै चुल्ठो, एउटै मुख, तीन आँखा, ठाडो-ठाडो एउटै दाँत र एउटै स्तन भएकी, कम्मरमा बाघको छाला बेर्हेकी, खैरो कपाल, मुण्डमाला भिरेकी, स्याप्प परेको पेट, रिसाएको अनुहार २,४ या ८ हात भएकी, हातमा कर्ती, खप्पर, धनुवाण, कपाल, वज्र, उत्पल, परशु, खटवाङ्ग, लिएकी सिधा या समभंग मुद्रामा उभिएकी छिन् र कमलको फूलमाथि उभिएकी र सूर्य-मण्डलाबाट घेरिएकी छिन् भनिन्छ ।

नेपालको परिप्रेक्ष्यमा हेर्ने हो भने मातृ शक्तिको उपासना लिच्छविकाल देखि नै शुरू भैसकेको थियो भन्न सकिन्छ । यसको उदाहरणका लागि निम्न अभिलेखहरूलाई लिन सकिन्छ -

१) संवत् ३८६ (वि.सं. ५२१) जेष्ठ शुक्ल प्रतिपदाको मानदेवको चांगुनारायण अभिलेखमा 'विष्णुकी लक्ष्मी जस्ती' र 'साक्षात् पतिव्रता सती धरून्धती जस्ती' भनि मातृशक्तिको उल्लेख गरेको पाईन्छ ।

२) २०५२ सालमा ल.पु. स्वठटोलमा प्राप्त शिलालेख अनुसार संवत् ४११ (वि.सं ५४६) जेष्ठ शुक्ल त्रयोदशीका दिन शार्वणी नामक भगवती देवीको स्थापना गरेको देखिन्छ ।

३) प्रसिद्ध पलाञ्चोक भगवतीको संवत् ४२५ (वि.सं. ५६०) माघ शुक्ल पूर्णिमाको अभिलेखमा विजयस्वामिनीले भगवती विजयेश्वरी देवीको प्रतिष्ठा गरेको देखिन्छ ।

४) संवत् ४९५ (वि.सं. ६३०) को शंखमूल शिकुवहीको राजा अंशुवर्माको समयको अभिलेखमा पहिले बनाई स्थापना गरेको मातृका देवीहरूको मूर्ति जीर्ण भै त्यसको स्थानमा ढुंगाको मूर्ति बनाई पुनः स्थापना गरेको कुरा उल्लेख छ ।

हाम्रो देशमा चण्डेश्वरी देवीलाई मयुर वाहन भएको आधारमा श्री कुमारको शक्ति कुमारी मानेको पनि देखिन्छ । तर यो सत्य भने होइन । यिनी अविवाहिता कुमारी देवी चाहिं हुन् । यसको उल्लेख विष्णु धर्मोत्तर पुराण र वामन पुराणमा पाइन्छ । यी दुवै धर्म ग्रन्थले देवीलाई यौवनावस्थाकी भनि उल्लेख गरेका छन् ।

पारमेश्वरागम, मत्स्यपुराण आदिमा चण्डेश्वरीलाई अष्टमातृकाको समष्टि रूप हो भनी यसरी ब्याख्या गरिएको छ । अष्टदल कमलको माझमा श्री चण्डेश्वरी देवी विराजमान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

छिन् र यिनको चारैतिर अष्टमातृकाहरू ब्राम्ही, माहेश्वरी, वाराही, वैष्णवी, कौमारी, चामुण्डा, ऐन्द्री, महालक्ष्मी छिन् ।

यसैगरी माझमा उग्रचण्डाको रूपमा विराजमान भई चारैतिरबाट रूद्रचण्डा, प्रचण्डा, चण्डोग्रा, चण्डनायिका, चण्डा, चण्डवती, चण्डरूपा र चण्डिकाद्वारा घेरिएर रहेकी छिन पनि भनिन्छ ।

यसै गरी देवी चण्डेश्वरीकै शरीरबाट सप्तमातृकाको उत्पत्ति भएको र आफू सहित अष्टमातृका भएकी हुन् भन्ने पनि धार्मिक विश्वास छ यस आधारमा देवी चामुण्डाको मुखबाट ब्राम्ही (व्रम्हायणी), गुह्य अंगबाट माहेश्वरी, कष्ठबाट कौमारी, दुबैहातबाट वैष्णवी (महालक्ष्मी), पीठ्यूबाट वाराही, स्तनबाट चण्डी (ऐन्द्री) र हृदयबाट नारसिंही उत्पत्ति भएको मानिन्छ ।

प्रसिद्ध गुहेश्वरी देवीलाई पनि चण्डेश्वरीकै मूल रूप हो भनि मानिएको पाइन्छ । यस कुराको पुष्टी कालिकाकुलक्रमार्चन नामक हस्तलिखित ग्रन्थ (राष्ट्रिय अभिलेखालयमा संग्रहित) मा यसरी लेखिएको छ । गुहेश्वरीका १५ मुख छन् र तिनीहरू क्रमशः महेश्वरी, चण्डेश्वरी, गणेश्वरी, दण्डेश्वरी, योगेश्वरी, महाचण्डमहेश्वरी, महाचण्डचण्डेश्वरी, महाचण्डयोगेश्वरी, महाचण्डगणेश्वरी, महासारचण्डेश्वरी, महारागचण्डेश्वरी, महाखगचण्डेश्वरी, महामहेश्वरीचण्डेश्वरी ।

प्रसिद्ध दक्षिणकाली चामुण्डादेवी पनि चण्डेश्वरी नैं हुन् । पहिले केवल पीठको रूपमा रहेको स्थानमा राजा प्रताप मल्लले हालको ढुंगाको मूर्ति बनाई स्थापना गराएका थिए । यी देवीसंग सम्बन्धित तिथि मिति सहितको सबै भन्दा पुरानो प्रमाणको रूपमा यी देवीको जात्रा गर्ने मूर्तिको मुकुटलाई लिन सकिन्छ । त्यस मुकुटको अभिलेखमा ने.सं. ३६० (वि.सं. १२९७) आश्विन कृष्ण एकादशी भनी उल्लेख गरिएको छ ।

तिथि मिति सहित चामुण्डा देवीको उल्लेख भएका केही अभिलेखहरूको चर्चा गर्नु पनि सान्दर्भिक देखिन्छ । किनकि माथि नै चामुण्डा देवी नै चण्डेश्वरी देवी हुन् भन्ने कुरा उल्लेख गरिसकिएको छ -

१) ललितपुर राजदरवारको मूलचोकको पूर्व पट्टिको लङ्गमा दलानको निदालमा टाँसिएको ने.सं. ७८६ (वि.सं. १७२३) आश्विन शुक्ल प्रतिपदाको सुवर्ण पत्राभिलेखको उच्चारणमा यी वाक्य कुँदिएको पाइन्छ "कल्याण होस् । श्री भवानीलाई नमस्कार । ठूला लडाईमा अट्टहास गर्ने भएकी, भयङ्कर खड्ग लिने भएकी, चण्ड मुण्ड दैत्यलाई मार्ने भएकी, लामो मुण्डमाला लाउने भएकी, मात्तिएका दैत्यहरूलाई नष्ट पार्ने भएकी, डरलाग्दो रूप धर्ने भएकी, प्रलयकालको मेघ जस्तै गर्जन भएकी पार्वती (चण्डेश्वरी) लाई नमस्कार गर्दछु ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२) काठमाडौं किसिपिडी गाउँको चामुण्डा देवीको मन्दिरलाई पनि चण्डेश्वरी देवी भनी पुकार्ने गरिन्छ। यस मन्दिरको प्राचिनता करीब करीब ४०० वर्ष देखिको देखिन्छ। यस कुराको पुष्टि त्यस मन्दिरमा आजभन्दा ३२७ वर्ष अगाडि चढाएको सिंहबाट पुष्टी हुन्छ। यसको प्रमाणको रूपमा उक्त मन्दिरमा रहेको ने.सं. ७९४ (वि.सं. १७३०) माघ शुक्ल कृष्ण चर्तुदशी सोमवारको शिलालेखमा "श्री ३ चामुण्डा देवीलाई सिंह चढाइयो" भन्ने वाक्यबाट पुष्टी हुन्छ।

३) भक्तपुरको प्रसिद्ध चांगुनारायण मन्दिरमा रहेको छिन्नमस्ता भगवती मन्दिरमा अष्टमातृका मन्दिरको तोरणको अभिलेखमा "कल्याण होस्। संवत् ७९९ (वि.सं. १७३६) बैशाख कृष्ण द्वादशी आदित्यवारको दिन श्री ३ यिताजु चामुण्डा परमेश्वरी आदि अष्टमातृकालाई प्रशन्न पार्न ...... यो तोरण चढाइयो।" भनि उल्लेख भएबाट यहाँ पनि चण्डेश्वरी देवीको स्थापना भएको रहेछ भन्न सकिन्छ।

४) ललितपुर चाकबहाल टोल ज्वावावहिलमा रहेको ने.सं. ८१७ (वि.सं १७५३) पौष कृष्ण त्रयोदशी आइतवारको शिलालेखको उच्चारणमा श्री चण्डेश्वरी देवीलाई संभ्फाउने गरी यो वाक्यांश कुँदिएको पाईन्छ। "चण्डिकालाई नमस्कार! मयुरमा चढेकी, रातो जीउ, रातो बस्त्र भएकी, शक्ति, अक्षयमाला, विन्दु मुद्रा भएकी कुमारीलाई नमस्कार।"

५) काठमाडौं वलम्बु चामुण्डा देवीको मन्दिरमा ने.सं. ८३३ (वि.सं १७७०) मा ढुंगाको सिंह चढाएको कुरा उक्त सिंहको पादपीठ अभिलेखबाट पुष्टी हुन्छ। यसबाट बलम्बुमा पनि करीब ३०० वर्ष अघि देखि चण्डेश्वरी देवीको अस्तित्व रहेको देखिन्छ।

६) ललितपुर वाहालुखाटोलको त्रिलिङ्गेश्वर महादेव मन्दिर अगाडिको गणेशको ने.सं. ८३९ (वि.सं. १७७६) आषाढ शुक्ल पंचमी बुधवारको अभिलेखको उच्चारणमा श्री चण्डेश्वरी देवीलाई संभ्फाउने गरी यो वाक्य कुँदिएको पाईन्छ - "श्री भवानीलाई नमस्कार! ठूला खड्ग शूल लिने भएकी, महादेवकी अर्घाङ्गिती भएकी, भरखर उदाएका सूर्य जस्ता तेजिली, मुण्डमाला लाएकी, मात्तिएको चण्ड दैत्यलाई नाश पारेकी, सिंह वाहन भएकी, लडाईंमा भयङ्करसंग गर्जन भएकी पार्वतीलाई भज्दछु।"

७) भक्तपुर महाकाली पीठ कालिकास्थान पिपलबोटको पश्चिम जोरपाटीमा रहेको ३ वटा शिलापत्र मध्ये ने.सं. ८५६ (वि.सं. १७९३) फाल्गुणको शिलापत्रको उठानमा श्री चण्डेश्वरी देवीलाई सम्भ्फाउने गरी "श्री चामुण्डालाई नमस्कार। चण्डमुण्डलाई नाश गर्ने देवी चामुण्डाकै चरणकमल नै एक मात्र शरण जान योग्य छ। उनै देवी चण्डिकाले संसारलाई सूर्यले भ्फैं प्रकाश दिइरहेकी छिन् त्यस्ती देवीलाई नित्य नमस्कार गर्दछु।" भनि उल्लेख छ।

८) ललितपुर पिंवहाल भित्र पूर्व पट्टिको सानो मन्दिरको ने.सं. ८४४ (वि.सं.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१८२०) मार्ग शुक्ल षष्ठी सोमवारको शिलालेखको उच्चारणमा श्री चण्डेश्वरी देवीलाई संभ्काउने गरी यो वाक्यांश कुँदिएको पाईन्छ - "...... भवानीलाई नमस्कार । ...... हित गर्ने, कल्याण गर्ने, चण्ड मुण्डको टाउको काट्ने, राम्रो हाँस भएकी कालिका देवीलाई ढोग्दछु ।"

यसै गरी आजभन्दा ३२२ वर्ष अगाडि अर्थात् ने.सं. ७९८ (वि.सं १७३५) भाद्र सुदी १० मा रचिएको 'चण्डेश्वरी स्तोत्र' पनि छ । यो पुस्तक वनेपाका कवि जगत केशरीले लेख्नु भएको हो ।

अव लागौं मूल विषय तिर । हाम्रो देशमा चण्डेश्वरी देवीकै नामले प्रख्यात ४ प्रसिद्ध चण्डेश्वरी मन्दिर छन् ती हुन् १) वनेपा चण्डेश्वरी २) भक्तपुर चण्डेश्वरी ३) ललितपुर चण्डेश्वरी र ४) टोखा चण्डेश्वरी । यहाँ यी ४ प्रसिद्ध चण्डेश्वरी देवीको छोटकरीमा चर्चा गरिन्छ-

१) वनेपा चण्डेश्वरी

यी देवीको भव्य ३ तल्ले मन्दिर छ । यो मन्दिर उत्तरतर्फ फर्किएको छ । करीव १०० फिट चौकोट चोकको माझमा मन्दिर अवस्थित छ । मन्दिरको अगाडि ४ वटा शिलास्तम्भहरू छन् । यी सवै शिलास्तम्भहरू कछुवामाथि ठट्याइएका छन् । ती शिलास्तम्भहरूमा मयुर, सिंह राखिएका छन् । मन्दिरको चारैतिर पेटी बनाइएको छ । यस मन्दिरमा २४ वटा टुँडालहरू छन् । यस मन्दिर भित्रपट्टि गर्भगृहमा सानो ३ तल्ले खट-मन्दिरमा देवीलाई विराजमान गराइएको छ । यस खट-मन्दिरको छानाहरूमा स्वर्ण मोलम्वायुक्त पाताहरू ठोकिएका छन् । पहिलो छानामा वि.सं. १७३१ र दोस्रो छानामा ने.सं. ८०१ (वि.सं. १७३८) कुँदिएको देख्न सकिन्छ । यसबाट यी छानाहरूमा स्वर्णपाता जड्ने काम आजभन्दा ३२६ र ३१९ वर्ष अघि भएको देखिन्छ । यस सानो खट- मन्दिरको विशेषता नै यसैको आकार प्रकारमा हालको वाहिरी भव्य ३ तल्ले मन्दिर बन्नुलाई लिन सकिन्छ । यस वाहिरी मन्दिरको वि.सं. १८८६ आषाढ वदी १ रोज १ मा जगैदेखि नयाँ निर्माण गरिएको कुरा भद्रकाली गुठी तहसिल कार्यालयमा रहेको कागजादमा "अघिका देवल भत्की जाँदा जगदेखि प्रारम्भ गरी नयाँ देवल बनाई ...." भन्नेबाट पुष्टी हुन्छ ।

यी देवीको मन्दिरको भित्तामा विकराल भैरवको चित्रकारी पनि गरिएको देख्न सकिन्छ । यस्तै भैरवको चित्रकारी पशुपति देवपत्तन स्थित जयवागेश्वरी देवीको मन्दिरको भित्तामा पनि गरिएको पाईन्छ ।

यी देवीको बारेमा वंशावलीमा यस्तो उल्लेख गरेको पाईन्छ - राइटको पर्वतीया वंशावलीमा तेन्हौं शताब्दीका राजा आनन्द मल्लले चण्डेश्वरी पीठको नजिकै वनेपुर नगर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(वनेपा) निर्माण गरेको कुरा उल्लेख छ भने गोपालराज वंशावलीमा ने.सं. ३५२ (वि.सं. १२८९) मा वनेपाको चण्डेश्वरी डाँडा माथि किल्ला निर्माण गरिएको कुरा उल्लेख छ।

वनेपा चण्डेश्वरी देवीसंग सम्बन्धित थुप्रै शिलालेख, अभिलेखहरूले विभिन्न समयमा विभिन्न कुराहरू अर्पण एवं निर्माण गरेको देखिन्छ। जुन यस प्रकार छन् -

१) ने.सं. ८३५ (वि.सं. १७७२) फाल्गुण सुदी १ को शिलालेख अनुसार पाटी स्थापना गरेको देखिन्छ।

२) ने.सं. ८७१ (वि.सं. १८०८) फाल्गुण सुदी ७ मा पाटी स्थापना गरेको देखिन्छ।

३) ने.सं. ९०७ (वि.सं. १८४४) ज्येष्ठ कृष्ण १० मा तेलिया इट्टा छापिएको देखिन्छ।

४) ने.सं. ९११ (वि.सं. १८४८) बैशाख सुदी २ मा पाटी स्थापना गरेको देखिन्छ।

५) ने.सं. ९२० (वि.सं १८५७) ज्येष्ठ वदी १० रोज १ मा पाटी स्थापना गरेको देखिन्छ।

६) ने.सं. ९३० (वि.सं. १८६७) चैत्र वदी १० रोज १ मा मयुर स्तम्भ स्थापना गरेको देखिन्छ।

७) ने.सं. ९३६ (वि.सं. १८७३) बैशाख वदी १३ रोज ५ मा मूलढोका बनाई चढाएको देखिन्छ।

८) ने.सं. ९६१ (वि.सं. १८९८) बैशाख सुदी ३ मा सिंह स्तम्भ स्थापना गरेको देखिन्छ।

९) ने.सं. ९६८ (वि.सं. १९०५) आषाढ सुदी १३ रोज ६ मा नित्य दीप बाल्न गुठ राखेको देखिन्छ।

१०) ने.स. ९७१ (वि.सं. १९०८) मा मूल ढोकामा तोरण चढाएको देखिन्छ।

११) ने.सं. ९७२ (वि.सं. १९०९) फाल्गुण वदी २ रोज १ मा मयुर स्तम्भ स्थापना गरेको देखिन्छ।

१२) ने.सं. ९७४ (वि.सं. १९११) पौष वदी १२ रोज ४ मा स्वर्ण सिंह र सिंह स्तम्भ स्थापना गरेको देखिन्छ।

१३) वि.सं. १९५२ माघ सुदी ५ मा ढलौटको सिंह चढाएको देखिन्छ।

१४) वि.सं. १९५३ बैशाख सुदी १५ मा घण्टा चढाएको देखिन्छ।

१५) वि.सं. १९८१ ज्येष्ठ सुदी १५ रोज ३ मा घण्टा चढाएको देखिन्छ।

१६) वि.सं. २००० भाद्र २९ रोज ३ मा घण्टा चढाएको देखिन्छ।

१७) वि.सं. २०११ मा घण्टा चढ़ाएको देखिन्छ।

१८) वि.सं. २०४२ पौष १३.शनिवारका दिन सिंह सहित शिलास्तम्भ चढाएको देखिन्छ।

चण्डेश्वरी देवीको पूजाका लागि वि.सं १८६१ भाद्र वदी ६ रोज १ र १८६४ पौष वढी ११ रोज २ मा गुठको व्यवस्था गरेको देखिन्छ।

यसै गरी चण्डेश्वरी देवीको परिसरमा अवस्थित चण्डेश्वर महादेवको मन्दिरमा ने.सं. ९४७ (वि.सं. १८८४) मा ढुंगाको २ वटा सिंह चढाएको देखिन्छ साथै ढोकाको अभिलेखमा वि.सं. १८८६ मार्ग वदी ११ आइतवार उल्लेख छ र ने.सं. ९७१ (वि.सं. १९०८) मा तोरण चढाएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२) भक्तपुर चण्डेश्वरी

भक्तपुरको चासुख्य: टिवुकछेंमा चण्डेश्वरी पीठ स्थान छ। यी देवीको प्रभाव क्षेत्र भक्तपुरमा क्वाछे टोलदेखि दत्तात्रेयसम्म रहेको पाईन्छ। भक्तपुरकी चण्डेश्वरीको मुखाकृति महिषमर्दिनी भगवतीको रहेको छ। यिनको काठको मूर्ति जीर्ण भएकोले धातुको मुखाकृतिले ढाकिएको छ। यी देवीको ३ तल्ले मन्दिर छ। चण्डेश्वरी देवीको द्यो छैं पनि छ। यस द्यो छैंको ने.सं. ८४८ (वि.सं. १७८५) ज्येष्ठ कृष्ण त्रयोदशीको राजा रणजीत मल्लको समयको अभिलेख अनुसार छानामा सुनमोल्म्बा र मजुर हालेको कुरा उल्लेख छ। यसबाट यो मन्दिर यस भन्दा अघि नै बनिसकेको देखिन्छ। यस्तै चण्डेश्वरी पीठ स्थानको पाटीको ताम्रपत्र र शिलालेखमा ने.सं. ८६४ (वि.सं. १८०१) र ने.सं. ८६५ (वि.सं. १८०२) माघ शुक्लमा बत्ती बाल्न गुठ राखिदिएको देखिन्छ। समग्रमा भन्ने हो भने चाहिं भक्तपुरमा चण्डेश्वरी देवीको प्रभाव भने त्यत्ति परेको देखिदैन।

३) ललितपुर चण्डेश्वरी

ललितपुर वडा नं. २१ पिम्बहालमा चण्डेश्वरी देवीको भव्य मन्दिर अवस्थित छ। हुन त ललितपुरको इखालखु र बालकुमारीमा पनि चण्डेश्वरी देवी स्थान छन्। पिम्वहालको मन्दिर दक्षिण मोहडाको छ र यसको प्रवेशद्वांरको दायाँ बायाँ प्रस्तरका सिंह स्थापना गरिएका छन्। यस मन्दिरमा कलात्मक काठमा टुँडालहरू जडिएका छन्। यी टुँडालहरूमा अष्टभैरव, गणेश, कुमार, कुमारी, चामुण्डा र नारी मूर्ति, सिंह-शार्दुल आदि उल्लेख्य छन्।

सुलिन स्थान निवासी गयो वाजे गयपति राजोपाध्याय नामक ठूला तान्त्रिकले इखालखु भन्ने स्थानमा हरिसिद्धिको नाच हेर्न आएकी चण्डेश्वरीलाई आफ्नो तन्त्रबलले सर्पको रूपमा समातेर ७ दिन ७ रात सम्म आफ्नो कमिजको वाहुलामा लुकाई राखेपछि ललितपुरमा चण्डेश्वरी देवीको स्थापना भयो भनिन्छ।

यहाँ चण्डेश्वरी देवीलाई स्मरण गर्दा एक वालिकाको रूपमा लिईन्छ र यी देवीको वर्ण लाल, त्रिनेत्र, दुई हात, सिंह माथि आरूढ भएकी छिन् भनिन्छ। यसैगरी श्वेत वर्णकी, ६ हात भएकी, जटायुक्त, गोलाकार नेत्र भएकी, वरद, शुल, कमल गट्टा दायाँ हातमा र पानपात्र, त्रिशुल र अभय मुद्रा बायाँ हातमा धारण गरेकी चण्डिका-चण्डेश्वरीको रूपमा पनि यिनलाई पुजिएको पाईन्छ।

यस मन्दिरमा रहेका निम्न शिलालेखहरू उल्लेख्य छन्-

१) ने.सं. ७०३ (वि.सं. १६४०) मा ढुंगाको सिंह चढाएको देखिन्छ।
२) ने.सं. ७८३ (वि.सं. १७२०) ज्येष्ठ शुक्ल अष्टमी आदित्यवारका दिन ढुंगाको सिंह चढाएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३) ने.सं. ८८६ (वि.सं. १८२३) मार्ग शुक्ल षष्टीमा मन्दिर परिसरमा रहेको जलद्रोणी जीर्णोद्धार गरेको देखिन्छ ।
४) ने.सं. ९५६ (वि.सं. १८९३) फाल्गुण कृष्ण पंचमी मंगलवारका दिन सहस्रचण्डी पाठ गरी सिंहासन बनाई देवीलाई अर्पण गरेको कुरा मन्दिरमा रहेको पित्तलपाता अभिलेखवाट थाहा पाउन सकिन्छ ।

४) टोखा चण्डेश्वरी

काठमाडौं टोखामा प्रसिद्ध चण्डेश्वरी देवीको पीठ स्थान छ । यो पीठ स्थान खुल्ला रूपमा छ । यस स्थानको मोहडा पश्चिम तर्फ फर्किएको छ । काभ्राको रूखमुनि देवी स्थान अवस्थित छ । देवीस्थानको चारैतिर अग्लो पर्खाल लगाइएको छ । प्रवेशद्वारको दायाँ बायाँ २ वटा ढुंगाका सिंहहरू स्थापना गरिएका छन् । बुट्टा कुँदिएका इट्टाद्वारा प्रवेशद्वार बनाइएकोले यो प्रवेशद्वार ज्यादै नै आकर्षक देखिन्छ । यहाँ चण्डेश्वरी देवीको प्रतिक स्वरूप खड्ग स्थापना गरिएको छ ।

यस देवी स्थानमा पाईएका केही महत्त्वपूर्ण शिलालेख-अभिलेख यस प्रकार छन्-

१) ने.सं. ७९३ (वि.सं. १७३०) चैत्र कृष्ण पक्ष सप्तमीमा ढुंगाको सिंह चढाएको देखिन्छ ।
२) ने.सं. ७९५ (वि.सं. १७३२) चैत्र शुक्ल पक्ष त्रयोदशीमा गहना, पोशाक आदि अर्पण गरेको देखिन्छ ।
३) ने.सं. ७९५ (वि.सं. १७३२) चैत्र शुक्ल पक्ष त्रयोदशीकै अर्को अभिलेखले पूजा सामग्री अर्पण गरी मन्दिरमा केही मर्मत, जीर्णोद्वार आदि गरेको देखिन्छ ।
४) ने.सं. ८०८ (वि.सं. १७४५) चैत्र शुक्ल पक्ष पञ्चमीमा त्रिशुल-शिलास्तम्भ स्थापना गरेको देखिन्छ ।
५) ने.सं. ८२० (वि.सं. १७५७) फाल्गुण शुक्लको अभिलेख अनुसार चण्डेश्वरी देवीको मूर्ति बनाई चढाएको देखिन्छ ।
६) ने.सं. ८३६ (वि.सं. १७७३) मा देवीको सुन्दर मूर्ति स्थापना गरेको देखिन्छ ।
७) ने.सं. ९१५ (वि.सं. १८५२) मा पाटी बनाई वर्ष बन्धन गर्नका लागि जग्गा-गुठी राखेको देखिन्छ ।
८) ने.सं. ९१९ (वि.सं. १८५६) भाद्र सुदी १३ बुधवारका दिन पाटी निर्माण गरेको देखिन्छ ।
९) ने.सं. ९२९ (वि.सं. १८६४) बैशाख सुदी ११ मा पाटी बनाई जग्गा गुठ राखेको देखिन्छ ।

अस्तु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सन्दर्भ ग्रन्थ:

१) श्री मद्देवी भागवत महापुराणम् (नेपाली भाषा टिका सहित) - अनु. गोविन्द प्रसाद सुवेदी

२) कालिकाकुलक्रमार्चन - विमल प्रवोध

३) लिच्छविकालका अभिलेख - धनवज्र वज्राचार्य

४) मध्यकालका अभिलेख - धनवज्र वज्राचार्य

५) चण्डेश्वरी (वनेपा नगरपालिका स्मारिका) - सं. हरिराम जोशी

६) हिन्दुदेवी देवता - हरिराम जोशी

७) काभ्रेपलाञ्चोकका केही देवी देवताहरू - जीत बहादुर मानन्धर

८) श्री गणेशायनम: - जीत बहादुर मानन्धर

९) नेपाली कला - मोहन प्रसाद खनाल

१०) चांगु नारायण - मोहन प्रसाद खनाल

११) नेपालको धार्मिक इतिहास - जगदीश चन्द्र रेग्मी

१२) वनेपा सात गाउँ (वनेपा नगरपालिका स्मारिका-३) - वनेपा नगरपालिका

१३) भाषा वंशावली (भाग १-२) - पुरातत्त्व विभाग

१४) देवमाला वंशावली - योगी देवी नाथ

१५) मल्लकालीन नेपाल - लीलाभक्त मुनकर्मी

१६) सांस्कृतिक सम्पदाको प्रारम्भिक सर्भेक्षण प्रतिवेदन (भाग १-८) - पुरातत्त्व विभाग

१७) विभिन्न जिल्लाका अभिलेख/शिलालेख आदिका उतारहरू - राष्ट्रिय अभिलेखालय

१८) अभिलेख पत्रिकाका केही अंकहरू - राष्ट्रिय अभिलेखालय

१९) प्राचिन नेपालका केही अंकहरू - पुरातत्त्व विभाग

२०) रोलम्बाका केही अंकहरू - जोशी रिसर्च इन्स्टिच्यूट

२१) गोरखापत्र दैनिकका केही अंकहरू - गोरखापत्र संस्थान

२२) कान्तिपुर दैनिकका केही अंकहरू - कान्तिपुर पब्लिकेशन प्रा. लि.

२३) The Indian Buddhist Iconography - Benoytosh Bhattacharyya

२४) Introduction to Tanta Sastra - Sir John Woodroffe

२५) A Report on the Survey and Study of Newary Script - National Archives

२६) Nepal Mandala (Vol 1-2) - Mary Shepherd Slusser

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तीनतहयुक्त शिवलिङ्ग

✍ हरिराम जोशी

विश्व सभ्यताको प्रारूप भएदेखिनै लिङ्ग र योनीलाई जननेन्द्रियको रूपमा लिइएर लिङ्ग पूजनको शुरूआत यो विश्वका विभिन्न सभ्यताहरूमा फैलिएको देखिन्छ। लिङ्ग पूजनको परम्परा न केवल भारत एवं नेपालमा बल्कि विश्वका अन्य सभ्यताहरूमा पनि फैलिएको थियो। सैन्धव सभ्यताको अध्ययनमा स्पष्ट रूपले आर्य सभ्यताको प्रारूप हुनुभन्दा पहिले नै भारतमा शिव एवं लिङ्गको पूजन प्रारम्भ भइसकेको पाइन्छ। वैदिक कालमा लिङ्ग पूजनलाई खास मान्यता मिलेको देखिंदैन। तर, उत्तर वैदिककाल औ त्यसको अनन्तर पौराणिक कालमा आई रूद्र-शिव तथा लिङ्ग पूजनको यथेष्ट मात्रामा अभिवृद्धि भएको थियो। जाबालोपनिषद्मा लिङ्ग एवं जलद्रोणीलाई क्रमिक रूपले पुरूषेन्द्रिय औ स्त्रीन्द्रियको रूपमा उल्लेख गरिएको छ। लिङ्ग पुरूषेन्द्रियको रूपमा रहेको यथार्थतालाई कतिपय शिवलिङ्गहरूको शीर्ष भागमा छिद्र पनि बनाइएको पाइएबाट प्रमाणित गरेको लाग्दछ।

पौराणिक कालमा आई लिङ्गको महत्त्व अझ बढ्न लागेको थियो। शिवका मूर्तिहरूको अपेक्षा शिवलिङ्ग पूजनलाई बढी महत्त्व दिइएको कुरा शिवका द्वादश ज्योतिर्लिङ्गहरूलाई अध्यधिक महत्त्व दिइनु औ शिवका अष्ट तनु पनि लिङ्गकै रूपमा प्रतिष्ठापन गरिएको पाइएबाट स्पष्ट हुन्छ। द्वादश ज्योतिर्लिङ्ग औ अष्ट तनुका नाम निम्नानुसार छन्-

द्वादश ज्योतिर्लिङ्गहरूका नामः

१. सोमनाथ, २. मल्लिकार्जुन, ३. महाकाल, ४. अमरेश्वर, ५. केदार, ६. भीमशङ्कर, ७. विश्वेसम्, ८. त्र्यम्बक, ९. वैद्यनाथ, १०. नागेश, ११. रामेश, १२. धुश्मेश

अष्ट तनुका नामः

१. शर्व, २. भव, ३. रूद्र, ४. उग्र, ५. भीम, ६. पशुपति, ७. ईशान, ८. महादेव

अर्को, पौराणिककालदेखि शिव एवं शिवलिङ्गहरूको निर्माण पौराणिक आख्यान अनुसार गरिन लागेको थियो। शिवका अष्ट तनुलाई प्रतीकात्मक रूपमा दर्शाउँदा कतिपय शिवलिङ्गहरूलाई अष्टकोण बनाई निर्मित गरिएको पाइएबाट पनि हुन्छ। देवपाटनस्थित आर्यघाट र राजराजेश्वरीघाटको बीचमा प्रतिष्ठापित उमा महेश्वरको एक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शिलामूर्ति, जुन कैलास पर्वतमा अवस्थित रहेको दर्शाइएको छ, मा उमा-महेश्वरको ठीक तलतिर पहाडबाट टाउको निकाल्न लागेको ढाँचामा अर्ना रांगोको एक टाउको कुँदिएको छ। यो मूर्तिले महाभारतमा वर्णित पाण्डवहरूको स्वर्गारोहणको अवसरमा पाण्डवहरूले हिमालयमा केदारनाथको दर्शन गर्न जाँदा भगवान् केदारनाथले यिनीहरू आफन्तहरू सबै यथा दाज्यू-भाई, बाबु, बाजे, गुरू आदि सबैलाई मारेर आउने पापी सम्झेर तिनीहरूलाई दर्शन नदेऊँ भन्ने मनसायले अर्ना रांगोको रूप लिई जंगलमा विचरण गर्न लागेको पौराणिक आख्यानतिर इङ्गित गरेको छ। पाण्डवहरूले पछि ती अर्ना नै केदारनाथ हो भन्ने थाहा पाई तिनलाई समाउँ भनी समात्न जाँदा अर्ना भागेर एउटा पहाडको गुफाभित्र पसेका थिए। त्यसबेला पाण्डवहरूले अर्नाको पुच्छरमात्र समात्न सके र अर्नाको टाउको चाहिं नेपालमा परेका थिए। यसरी उपर्युक्त मूर्ति यसै आख्यान अनुरूप निर्मित थियो भन्ने स्पष्टतः देखिन्छ।

उपर्युक्त यथार्थताहरूकै परिप्रेक्षमा भक्तपुर वागहिटीस्थित एक तीन तहको शिवलिङ्गलाई लिन सकिन्छ। यस किसिमको शिवलिङ्ग यही एकओटा बाहेक अन्त कतै भएको कमसेंकम यो लेखकलाई अहिलेसम्म थाहा छैन। शिवलिङ्गहरू निर्माण गर्दा विशेष गरी सर्वप्रथम जलहरी निर्माण गरी त्यसको माथि बीचमा लिङ्ग राखिएको हुन्छ र जलहरी उत्तरतिर फर्केको हुन्छ। तर, यहाँ यस्ता शिवलिङ्गहरू एउटै शिलामा एकमाथि अर्को गरी तीन तहमा निर्मित छन्। जुन यसका खास विशेषता स्वरूप छ भन्दा अत्युक्ति नहोला। पौराणिक आख्यान अनुसार जलहरीमाथि राखिएको लिङ्ग तीन भाग यथा ब्रम्ह, विष्णु औ रूद्रमा विभक्त छन्। यसैले एउटै लिङ्गमा ॐ स्वरूप ब्रम्हा, विष्णु औ रूद्र तीनै भाग समाहित हुँदा शिवलाई सर्वेश्वरको संज्ञा पनि दिइन्छ। ललितपुर कोबहालस्थित कुम्भेश्वरको लिङ्गलाई सर्वेश्वर महादेव नामले पुकारिने गरेबाट पनि उपर्युक्त कुरोको पुष्टिमा सघाऊ मिल्छ। अनि उपर्युक्त तीन तह युक्त शिवलिङ्गले सम्भवतः ब्रम्हा, विष्णु औ रूद्र तीन भागलाई इङ्गित गरेको अनुमान हुन्छ।

अर्को, नेपालवासीहरूमा अत्यधिक मात्रामा प्रचलित स्वस्थानी महात्म्यमा वर्णित वर्णन अनुसार कि एक सिङ्गयुक्त स्वर्ण मृग, जो कि स्वयं भगवान् शिव नै थिए, का सिङ्ग जसै ब्रम्हा, विष्णु एवं इन्द्रले समातेका थिए, तीन टुक्रा भए। पछि भगवान् शिवको आज्ञानुसार ती तीन टुक्रा सिङ्ग स्वर्ग, पृथ्वी तथा पातालमा प्रतिष्ठापन गरिए जुन त्रिलिङ्गको नामले विख्यात छ। सम्भावना बढी यसैमा छ कि उपर्युक्त तीनतहयुक्त शिवलिङ्गले स्वस्थानी महात्म्यमा वर्णित स्वर्ग, पृथ्वी एवं पातालमा प्रतिष्ठापित त्रिलिङ्गलाई नै इङ्गित गरेको छ। ललितपुर बालुखास्थित उत्तर प्राचीनकालीन त्रिलिङ्गेश्वर महादेवलाई पनि यहाँ यसै यथार्थताको परिप्रेक्षमा लिन सकिन्छ। जे होस्, यस यथार्थताको प्राप्तिले नेपालमा उत्तर प्राचीनकालदेखि नै पौराणिक आख्यानमा वर्णित वर्णनलाई यहाँका कलाकारहरूले कलामा उतार्ने कार्य गर्दै आएका थिए भन्ने कुराको स्पष्ट संकेत मिल्छ। ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सौश्रुत-निघण्टु : एक परिचय

✍ *डा. काशीराज शर्मा (सुवेदी)*

वैदिक कालमा निघण्टु शब्द वेदमा प्रयोग भएका शब्दहरुको वर्गीकरणसहित संकलनका लागि प्रयोग भएको छ । त्यस्ता शब्दहरुको व्याख्या महर्षियास्कले गर्नुभएको छ जसलाई निरुक्त भनिन्छ । पछि गएर आयुर्वेदमा चिकित्सा गर्दा प्रयोग गरिने औषधिहरुको नामहरुको संकलनलाई निघण्टु भन्ने परम्परा विकसित भएको पाइन्छ । त्यस किसिमको निघण्टुहरुमा पहिले औषधिहरुको नाममात्र संकलन गरिएको हुन्थ्यो । पछिका निघण्टुहरुमा ती द्रव्यहरुका गुणहरुको पनि वर्णन गर्ने क्रम शुरु भयो ।

पहिलो श्रेणीमा पर्ने नाममा संकलन भएका निघण्टुहरुमा एकथरी विभिन्न शास्त्रीय ग्रन्थहरुमा वर्णन र प्रयोग भएका द्रव्यहरुको नामावली प्रस्तुत गर्ने किसिमका छन् । त्यस्ता निघण्टुहरुमा सिद्धसारनिघण्टु, सौश्रुतनिघण्टु, अष्टाङ्गनिघण्टु आदि पर्छन् । अर्काथरी ग्रन्थहरुमा अर्कै किसिमले द्रव्यहरुको वर्गीकरण गरिएको छ र त्यही वर्गीकरणको क्रम अनुसार द्रव्यका नामहरुको संकलन गरिएको पाइन्छ । त्यस्ता ग्रन्थहरुमा पर्यायरत्नमाला, द्रव्यावली, वनौषधि नामावली आदि पर्दछन् ।

१. **सौश्रुतनिघण्टुको परिचय:-**

सौश्रुत निघण्टुमा सुश्रुत संहिताको सूत्रस्थान ३८ अध्यायमा (द्रव्यसंग्रहणीय) विभिन्न गणहरुमा वर्गीकरण गरिएका औषधिहरुको गणको क्रम अनुसार नै पर्याय दिंदै वर्णन गरिएको छ । त्यस्ता द्रव्यहरुको संख्या २८२ छ । प्रत्येक गणमा आएका द्रव्यहरुका पर्यायहरुको वर्णन १-१ श्लोकमा गरिएको छ । प्रत्येक गणका अन्तमा त्यस गणमा वर्णित द्रव्यहरूको गुण-कर्म र आमयिक (रोग विशेषमा) प्रयोगको संकेत गरिएको छ । श्लोहरुको संख्या ३२५ छ ।

२. **ग्रन्थको स्रोत:-**

सौश्रुतनिघण्टुका ताडपत्रमा नेवारी लिपिमा लेखिएका २ पुस्तकहरू राष्ट्रिय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेखालयमा सुरक्षित छन् । ती पुस्तकहरूको संकेत पहिलो पटक काश्यपसंहिताको उपोद्घातमा राजगुरू हेमराज शर्माले १९३८ ई.मा गर्नुभएको छ ।

अर्को एक प्रति केशर पुस्तकालयमा पाइएको छ जुन उत्तर लिच्छवि लिपिमा ताडपत्रमा लेखिएको छ । यसको संकेत धनवज्र बज्राचार्यको लिच्छविकालीन अभिलेख र पं. नयराज पन्तको लिच्छवि संवत्को निर्णयमा भएको छ ।

